# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लेटाङ नगरपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लेटाङ नगरपालिका

## मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लेटाङ नगरपालिका

## मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ११५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुख ज्यू,
लेटाङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
मोरङ ।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ४८ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१३ लाख ३४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१० लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६० लाख ७२ हजार र नियमित गर्नुपर्ने रु.१ करोड २३ लाख ४४ हजार, सोधभर्ना नलिएको रु.१५ लाख ३६ हजार र फस्यौंट नभएको पेश्की रु.२५ लाख ९० हजार बाँकी रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.१७ करोड ८१ लाख ८३ हजार बेरुजू

बाँकी रहेकोमा यो बर्ष रु.१ करोड १८ लाख ८२ हजार संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड १७ लाख ३९ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुन वमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौ ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

लेटाङ नगरपालिका,

मोरङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७२ | ६८ | ३४८९० | ० | २ | १३३४ | ७२ | ६६ | ३३५५६ | १०१४ | १२३४४ | १६०७२ | ० | १५३६ | २९९५२ | २५९० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १७८१८३ | ० | ११८८२ | १६६३०१ | ० | ३३५५६ | २११७३९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | २०७९।८० | २३ | असूल भएको | १०६३१११.०० |
| २ | २०७९।८० | ६४ | असूल भएको | २७१०३१.०० |
| | चालु वर्षको जम्माः | | | **१३३४१४२.००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | विभिन्न | विभिन्न | ३४७१९८.०० |
| २ | २०७७।७८ | विभिन्न | विभिन्न | ६४७२९५५.६२ |
| ३ | २०७५।७६ | विभिन्न | विभिन्न | ९००००.०० |
| | गत विगतको जम्माः | | | **११८८२३२०.६२** |
| | कुल जम्माः | | | **१३२१६४६२.६२** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ लेटाङ नगरपालिकाको परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले लेटाङ नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । लेटाङ नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, २१९.२३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८६२५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।११ देखि २०८०।०८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** पालिकाको आय-व्ययतर्फ रु.८८,३३,१६,३५५।१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,११,४७९। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कट्टी नभएको पारिश्रमिक कर दाखिला भौचर पेश | ३५०५९.०० |
| २ | दिवा खाजामा वढी निकासा भएको रकम दाखिला भौचर पेश | ४६९२०.०० |
| ३ | दुई कर्मचारीलाई वढी वैठक भत्ता भुक्तानी भएको रकम दाखिला | २९५००.०० |
| | **जम्माः** | **१११४७९.००** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१६११०२०५३।३१ मौज्दात रहेकोमा यो वर्ष संचित कोष तर्फ रु.१०९७९०५१२।७८ र विविध कोष खाता तर्फ रु.१९६६०९३।३२ गरी जम्मा रु.१११७५६६०६।१० जिम्मेवारी सारेको छ । आर्थिक वर्षको अन्तमा फिर्ता हुनुपर्ने रकम खर्च खातावाट फिर्ता गरिएको तर संचित कोषमा समायोजन नगरिएको रु.४८९६३४१७।२१, गत वर्ष धरौटी र कर

दाखिला नभएको भनि कायम भएको वेरुजू रु.१६२६९८। गरी जम्मा रु.४९१२६११५।२१ घटाएको जोड्दा कुल रु.१६०८८२७२१।२१ जिम्मेवारी सारेको देखियो । स्थानीय तह प्रकोप व्यवस्थापन कोष तर्फ मौज्दात रहेको रु.११७७३२। समेत जम्मा रु.२१९३३२। घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१९,३३२ |

२.३ **वित्तिय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ६ लाख ९० हजार र सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.१५ करोड ४ लाख २२ हजार गरी जम्मा रु.१८ करोड ११ लाख १२ सुत्रमा लेखाङ्कन गरेको छैन, जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१ करोड ७० लाख, पुँजीगत खर्च खातामा रु.२ करोड ५३ लाख ३८ हजार, राजस्व बाँडफाँट खातामा रु.६९ लाख २२ हजार समेत रु.४ करोड ९२ लाख ६१ हजार मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.६ करोड ५७ लाख ५१ हजार देखिएकोमा सो अवधिमा बैक अनुसार बैक मौज्दात रु.८ करोड ४ लाख ९ हजार देखिएकोले श्रेस्ता भन्दा बैक बढी

देखिएको रु.१ करोड ४६ लाख ५८ हजारका सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनु पर्दछ ।

| खातावालाको नाम | श्रेष्ता अनुसार बाँकी | वैंक स्टेटमेन्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| चालु खर्च खाता | ०.०० | १७०००८८९.७२ | १७०००८८९.७२ |
| पूँजीगत खर्च खाता | २४७२९९९.०० | २५३३८०४५.०० | २२८६५०४६.०० |
| स्थानीय तह धरौटी खाता | १३०४५७३१.०० | १३०४५७३१.०० | ०.०० |
| स्थानीय तह सञ्चितकोष खाता | ४१८६२५४४.९२ | २३५७६८१२.९२ | १८२८५७३२.०० |
| विविध कोष खाता | १४४७६०४.८८ | १४४७६०४.८८ | ०.०० |
| राजश्व बाँडफाँट खाता | ६९२२४५४.९६ | ०.०० | ६९२२४५४.९६ |
| आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| **जम्माः** | **६५७५१३३४.७६** | **८०४०९०८३.५२** | **६५०७४१२२.६८** |

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको,दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको, वार्षिक खरिद योजना नवनाएको,पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा गरेता पनि संघीय कानून अनुसार संशोधन मिलान नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, सुशासन ऐन २०६४ को दफा १६ मा उल्लेख भए अनुसार निर्णय गर्दा आधार र कारण नखुलाएको, राजश्व दाखिला ढिलाईमा जरिवाना नलगाएको, आयोजनाक बैक तयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको, पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, निजामती सेवा ऐन, २०४९को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको मर्मत संभार अवधि पश्चात धरौटी फिर्ता गर्दा कार्य सम्पन्न प्रतिवेदन

सम्लग्न नगरेको, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४(ङ ) अनुसार आयोजना फरफारक प्रतिवेदन तयार गरि कार्यपालिकमा पेश गरि अनुमोदन नगरेको , तोकिएको समयमा वार्षिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरि सम्वन्धित निकायमा पठाउने तथा समीक्षा गर्ने नगरेको लगायतका व्यहोरा लेखापरीक्षणाको क्रममा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था**

४.१ स्थानीय सरकारको सर्बोच्च अंगको रुपमा रहेको सभाबाट पारित भएका वार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनु पर्दछ । यस नगरपालिकाको एघारौं नगरसभावाट पारित भएका १९७ नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा अधिकांश नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आएता पनि वजेटमा उल्लेखित ५२ निम्न नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

४.२ **सामाजिक विकास तर्फ -** गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि सक्षम, प्रभाकारी र जवाफदेही समन्वय, अनुगमन र नियमन संयन्त्रको विकास गर्ने,नियमित रूपमा समुदायस्तरमै मधुमेह र उच्च रक्तचापको जाँच तथा लेखाजोखा गर्ने, दलित, आदिवासी जनजाति, महिला, बिपन्न, पिछडा वर्ग, सिमान्तकृत र अन्य समुदायका ईच्छुक युवाहरुलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग लगायत प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गरी सशक्तिकरण गर्ने ,नगर शिक्षा नीति र योजना तयार गरी कार्यान्वयन गर्ने,नगरपालिका क्षेत्र भित्रका विषयगत प्राविधिक जनशक्तिहरुको विवरण अध्यावधिक गर्ने,लेटाङ नगरपालिका क्षेत्र भित्रको एउटा आधारभूत स्कूलमा अग्रेजी माध्यमबाट अध्ययन अध्यापन गर्ने गराउने व्यवस्था गर्ने, सरसफाईलाई संस्कारको विकास गर्न कार्यक्रमहरु सञ्चालन गर्ने,नगरक्षेत्र भित्रका परम्परागत श्रम, सीप, प्रविधि, भाषा, कला, साहित्य, आदिवासी जनजाति, दलित लगायतका विशिष्ट संस्कृतिहरुको पहिचान, संरक्षण र संवर्द्धन गर्न अन्तर सांस्कृतिक संग्रालयको व्यवस्था गर्ने, जेष्ठ नागरिकहरुका लागि सुरक्षित आवास गृह स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने, बालविवाह मुक्त नगरपालिका घोषणा र दिगोपनाका लागि समुदाय र विद्यालय स्तरमा थप सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने, बालबालिकाको हकअधिकार सुनिश्चित गर्न बालमैत्री नगरपालिका घोषणा गर्ने, हिंसा पीडित तथा जोखिममा रहेका महिला तथा बालबालिकाहरुका लागि पुर्नस्थापना केन्द्र गर्ने ।

सैद्धान्तिक बेरुजु

४.३ **आर्थिक विकास तर्फ -** जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असरहरुको अध्ययन गरी विकल्पहरुको खोजी गर्ने,सरकारी स्वामित्वमा रहेका जमिन प्रयोगको गुरु योजना (Master

Plan) बनाई आर्थिक हिसाबले बढी प्रतिफलयुक्त कृषि तथा जडिवुटी उत्पादनमा जोड दिने,जमिनको संरक्षण र उत्पादकत्व वृद्धिका लागि बहुउपयोगी र नगदे बाली सहितको कृषि वनको प्रवर्द्धन गर्ने,नगरपालिका क्षेत्र भित्र आधुनिक पशु बधशाला निर्माण गर्ने,सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गर्ने, सहकारीको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्युनिकरण, उद्यमशिलता प्रवर्द्धन र सामुदायिक सशक्तिकरण गर्ने, समूदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने,संख्यात्मक उन्नती गरेको सहकारीलाई गुणात्मक उपस्थितितर्फ लैजान संस्थाहरुको एकीकरण कार्यलाई प्रोत्साहन गर्ने,सामाजिक उत्तरदायित्व सहितको सहकारी र सदस्य केन्द्रित संस्था निर्माणका लागि आवश्यक गर्ने, प्रत्येक सहकारीले व्यवस्थापन गर्नुपर्ने सामाजिक दायित्व अन्तर्गतको रकम परिचालन गर्दा नगरपालिकासँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने,पर्यटन प्रवर्द्धनका लागि लेटाङ नगरपालिका वडा नं. ७ को सुकेपोखरी क्षेत्रलाई गुँरास अवलोकन क्षेत्रको रुपमा विकास गर्ने,संघ प्रदेश र सामुदायिक वनसँग समन्वय गरी चिडियाखाना स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने, जैविक विविधता भएको राजारानी ताल क्षेत्रलाई अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्दै सुनाखरीको राजधानी घोषणा गर्ने,पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने,शैक्षिक पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, स्वास्थ्य पर्यटन, हाइकिङको प्रवर्द्धन गर्ने, लेटाङ नगरपालिकाका ९ वटै वडाहरुमा रहेका सार्वजनिक जग्गा पहिचान गरी संरक्षण गर्ने, नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुको संरक्षण संवर्द्धन गर्दै वन पैदावारको उपभोग गर्दा सवै उपभोक्ताहरुको हिस्सेदारी हुने व्यवस्था गर्ने,नगरक्षेत्रभित्र उत्पादन हुने निगुरो, सिमसाग लगायत कृषि जन्य उत्पादन तथा पशुजन्य बस्तुहरु को व्यवसायिक कारोबारको तथ्यांक संकलन गर्ने ।

सैद्धान्तिक बेरुजु

४.४ **भौतिक पूर्वाधार तर्फ -** नगरपालिका भित्र तत्काल गर्नुपर्ने कार्य गर्न तथा सामान्य भैपरी समस्याको समाधान गर्नका लागि "पुर्वाधार मोवाइल सेवा" सञ्चालन गर्ने, नगरपालिकाका ९ वटै वडाहरुमा ठूला पुर्वाधार अन्तर्गत कालोपत्रे सडक निर्माण अभियानका रुपमा योजना संचालन गर्ने ,वडादेखि वडासम्म र वडादेखि नगरपालिकाको केन्द्रसम्म जोड्ने रणनीतिक सडकहरु पहिचान गर्ने, लेटाङ नगर प्रवेश गर्ने स्थानमा आधुनिक प्रवेशद्वार निर्माण गर्ने,लेटाङ नगरपालिका क्षेत्र भित्र जग्गाको पहिचान गरी व्यवस्थित बसपार्क निर्माण गर्ने, योजना कार्यान्वयनको त्रैमासिक क्यालेण्डर वनाई सोहि आधारमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, सार्वजनिक पार्किङको सम्भाव्यता अध्ययन गरी स्थान पहिचान गर्ने ।

सैद्धान्तिक बेरुजु

४.५ **घर नक्सा पास तर्फ -** नगर क्षेत्रभित्रका डकर्मीहरुको क्षमता अभिवृद्धिको लागि सिप विकास तालिम सञ्चालन गरी भवन निर्माण गर्दा तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण कार्य गर्ने पद्धतीको विकास गर्दै लगिनेछ।

सैद्धान्तिक बेरुजु

४.६ **वन, वातावरण तथा बिपद् व्यवस्थापन तर्फ -** नगरपालिकामा आइपर्ने विपद्लाई तत्काल तथा नियमित रुपमा समाधान गर्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Centre) को स्थापना गर्ने, स्थानीय श्रोत नदिजन्य पदार्थको उत्खनन, संरक्षण र दीगो उपयोगका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने व्यवस्था मिलाई सो प्रतिवेदन कार्यान्वयन गर्ने, राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्ने, भूक्षय हुने चुरे क्षेत्रका सामुदायिक वनहरुलाई भूक्षय रोकथाम तथा नियन्त्रण गर्न मद्दत पुग्ने बिरुवाहरु लगाउन उत्प्रेरित गर्ने, चुरे क्षेत्रका खोलाहरुमा वायोइन्जिनियरिङ सहितको तटबन्धन गर्ने ।

सैद्धान्तिक बेरुजु

४.७ **सुशासन तथा संस्थागत विकास तर्फ -** स्थानीय सेवालाई थप सक्षम, सुदृढ, व्यवसायिक, सेवामूलक र उत्तरदायी बनाउन स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापन नीति र ऐन जारी गरी कार्यान्वयन गर्ने, सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुऱ्याउनका लागि भौगोलिक रुपमा विकट रहेका १, ७ र ८ नं. वडा तथा अन्य वडाहरुमा अर्धवार्षिक रुपमा एकीकृत घुम्ति सेवा सञ्चालन गर्ने, मागमा आधारित आयोजना निर्माण गर्न आयोजना बैंक निर्माण गरी आयोजना छनौट गर्ने, अन्तिम लेखा परीक्षणबाट औंल्याइएका बेरुजु फर्छ्यौट गर्न कार्ययोजना सहित फर्छ्यौट गर्ने, लेटाङ नगरपालिका क्षेत्र भित्र संगठित तथा असंगठित क्षेत्रमा काम गर्ने श्रमिकहरुको सूचिकरण गरी अति विपन्न श्रमिकहरुको स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने, बैंक, वित्तीय संस्था तथा अन्य संस्थाहरुले व्यवसायिक सामाजिक उत्तरदायित्व वहन अन्तर्गतका कार्य गर्ने ।

सैद्धान्तिक बेरुजु

४.८ **राजस्व परिचालन तर्फ -** नगरक्षेत्र भित्र घर वहालबाट आम्दानी गर्ने घरधनीबाट कार्यविधि बनाई बहाल कर संकलन गर्ने, वहाल बिटौरी कर संकलन गर्ने कार्यविधि बनाई लागु गर्ने । कार्यक्रम निर्माण तथा कार्यान्वयन पक्षलाई विश्लेषण गरि प्राप्त पृष्ठपोषणको आधारमा देखिएका कमि कमजोरीमा सुधार गरि घोषित कार्यक्रमहरुलाई घोषणा अनुसार कार्यान्वयन गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोतमा, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो आर्थिक बर्षमा मध्यकालिन खर्च संरचना, आवधिक योजना, नगरको पार्श्वचित्र तथा भू उपयोग सम्वन्धि योजना तयार गरेकोले सो अनुसार आगामि दिनमा योजना निर्माण र कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन उपयोग , दिगो विकास र वातावरण संरक्षण तथा भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा पालिका स्तरिय तथा वडा स्तरिय गरि कुल १७९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५१ | ३१ | १६ | ४ |
| २. | वडास्तरीय | १२८ | ० | १५ | ११३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये अधिकांस योजना तथा कार्यक्रम कार्यान्वयन भएता केहि योजना तथा कार्यक्रमहरु श्रवतको अभावमा कार्यान्वयन हुन नसकेको व्यहोरा पालिकाले जानकारी गराएको छ अत: पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ९ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको तथा आयोजना बैक समेत तय गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **वजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगर पालिकाको उपप्रमुखले मिति २०७९।८० मा रु ७८ करोड ६३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा यस पालिकाले आव ०८०-०८१ वाट कार्यान्वयन गर्नेगरि ५ वर्षे आवधिक योजना तयार गरेको जनाएको छ।आवधिक योजना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गरि आवधिक योजनाका दीर्घकालीन विषयलाई कार्यक्रममा समावेश गरि स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको लक्ष्य प्रासी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **वजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि विषयगत शाखा तथा वडा समितिलाई सो अनुसार सिमा निर्धारण गरि जानकारी गराएको पाईएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **वजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष निम्न शिर्षककमा अबण्डा बजेट राखि सभावाट अनुमोदन गराउने गरि कार्यपालिकाका पटक पटकका निर्णवाट साविकका आयोजनामा थप तथा नयाँ आयोजनामा रु १ करोड २१ लाख ०३ हजार बाँडफाँड गरि खर्च गरेको देखियो

।सुरु बजेटमा अबण्डामा राखी पुन कार्यपालिकावाट आयोजनामा थप तथा संशोधन गरि पटक पटक बजेट वाँडफाँड गर्ने र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने तत्पश्चात विशेष र त्यसपछीको सभामा अनुमोदन गराउने गरेको देखियो । यसरी पटक पटक वाँडफाडले बजेट निर्माण गर्दा सम्वद्ध समिति र पदाधिकारीको समयमै पर्याप्त ध्यान नपुगेको देखिएकोले यसमा पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

| क्र सं | योजनाको नाम | बजेट / खर्च | बाँडफाँड संख्या |
|---|---|---|---|
| १ | सडक मर्मत तथा स्तरोन्नति | ५०८३८२४।०० | १० |
| २ | नदी नियन्त्रण | २०१९१०२।०० | ८ |
| ३ | विभिन्न धार्मिक पूर्वाधार निर्माण | १३०००००।०० | ५ |
| ४ | अन्य सार्वजनिक निर्माण | ३७०१०००।०० | ११ |
| | **जम्मा** | **१२१०३९२६।००** | **३४** |

सैद्धान्तिक बेरुजु

१२ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, १५ कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले हालसम्म २५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि ८ ओटा कानुन राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यस वर्ष थप ९७ समेत जम्मा १०५ उजुरी रहेको र यो वर्ष ९७ फस्योँट भई ८ फस्योँट हुन वाँकीको विवरण पेश भएको देखियो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कार्यलाई निरन्तरता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ , ९६ , १०६,११० बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र, लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने र उपभोग नहुने प्रमाणीत भएमा नस्ट गर्नु पर्ने व्यवस्था छ । पालिकाले ०८०।३।३१मा तीन सदस्यीय समिति गठन गरि ०८०।५।५ मा आ व २०७९।०८० को जिन्सी व्यवस्थापन परीक्षण प्रतिवेदन प्राप्त गरेको छ ।नियमावलीको २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा लिलाम बक्री गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिना भित्र कारवाहिको प्रक्रिया अगाडी बढाउनु पर्ने व्यवस्था गरेता पनि प्रतिवेदनमा निम्न सामानको लिलाम गर्न सिफारिस भएता पनि सोको कारवाहि लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले नियमको पालना हुनु पर्दछ ।

| क.स | सामानको नाम | परिमाण |
|---|---|---|
| १ | साईकल | २ थान |
| २ | डिजिटल क्यामरा | १ थान |
| ३ | डेस्कटप कम्प्युटर पार्टस | ५ थानको |
| ४ | पुराना प्रन्टर | ३ थान |
| ५ | मोवाइल | २ थान |
| ६ | डिस्प्ले वोर्ड | १ थान |
| ७ | व्याट्री | ४ थान |
| ८ | कुलर | १ थान |
| ९ | स्टयान्ड फेन | ६थान |
| १० | प्लास्टिक कुर्चि | १० थान |

सैद्धान्तिक बेरुजु

१५ **नामनामेसी नखुलेको धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८(ख,घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभएको तथा तोकिएको म्यादमा फिर्ताकोलागि निवेदन नदिएको र बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०७९।०८० को श्रेस्ता अनुसारको धरौटीको श्रेस्ता अनुसारको मौज्दात रु १,३०,४५,७३१.०० रहेकोमा नाम नामेसी नखुलेको धरौटी रु.४,३०,२५३.०० देखिएकोले नियममा भएको व्यवस्था अनुसार कारवाहि गरि राजश्व खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३०,२५३ |

१६ **कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम कर्मचारी समायोजन पश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरेको पाइएन । पालिकाले सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम ४८ जनाको दरबन्दी स्वीकृत गरेकोमा हाल ४१ जना पदपूर्ति भई सि डि इन्जिनियर १, इन्जिनियर १ अधिकृत सामान्य प्रशासन २ लेखापाल पाचौं १ सव इन्जिनियर २ गरी जम्मा ७ पद रिक्त रहेको पाइयो । यसरी लामो समयसम्म महत्वपूर्ण पदहरु रिक्त हुदा कार्यपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा समेतअसर पर्न सक्ने भएकोले समयमै पदपूर्ति गर्ने व्यवस्था हुनु पर्दछ । पालिकामा विभिन्न ३३ जना कर्मचारी करार सेवाबाट कार्यरत रहेको साथै त्यसका अतिरिक्त डोर हाजिरबाट बिभिन्न २२ कर्मचारी नियुक्ती गरी वर्षभरी तलव भुक्तानी गरेको छ । तसर्थ पालिकाले स्थानिय सेवा सञ्चालन सम्बन्धी ऐन पारित गरी, ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेरमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **वितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाको नमूना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले बिभिन्न संघ सस्थाहरुलाई जात्रा महोत्सव तथा खेलकुद सम्बन्धि कार्यक्रम सञ्चालन र वडागत कार्यक्रम तर्फ प्राय सबै वडाहरुले समान खरिद गर्ने र लक्षित बर्गलाई बाढ्ने जस्ता वितरणमुखि कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । कार्यविधि तथा मापदण्ड वेगर यसरी वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित रहि पारदर्शी तवरले गर्नुपर्दछ । कार्यबिधि र मापदण्ड बेगरका यस प्रकारका वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । केहि उदाहरणहरुः

| गो भौ नं | संघ सस्थाको नाम | कार्यक्रम | भुक्तानी रकम रु |
|---|---|---|---|
| ३१२।०७९।८।१५ | जाँते युथ एशोसिएशन | सास्कृतिक कार्यक्रम | १८००००।०० |
| २९९।०७९।७।३० | सिद्धार्थ युथ क्लब | लेटाङ मिनी महोत्सब | २०००००।०० |
| ३५४।०७९।८।२६ | बारंगी खेलकुद समिति | नकआउट भलिबल प्रतियोगिता | ४०००००।०० |
| ६९९।०७९।१२।१० | कोशी मिडिया प्रा लि | पर्यटन प्रबर्द्धन विषयको अन्तरक्रिया | २२५८८७।०० |
| १०८१।०८०।३।११ | वडा नंम्बर २ | खेलकुद सामाग्री खरिद र वितरण | ३४२००।०० |
| ११०३।०८०।३।११ | वडा नंम्बर १ | खेलकुद सामाग्री खरिद र वितरण | ९५८००।०० |

| | | | |
|---|---|---|---|
| १०९८।०८०।३।१७ | वडा नंम्बर ३ | खेलकुद सामाग्री खरिद र वितरण | ५९०००।०० |
| ११५४।०८०।३।२१ | वडा नंम्बर ९ | दलित छात्रछात्रा स्कूल ब्याग वितरण | ५००००।०० |
| १०३८।०८०।३।३ | वडा नंम्बर ७ | सुत्केरी महिलालाई समान वितरण | १०८६२०।०० |

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकामा आन्तरिक लेखापरीक्षण ईकाई गठन भई सातौं तहको एक कर्मचारी कार्यरत रहेता पनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा मिति २०८०।७।१९ मा मात्र गराएको पाईयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको प्रत्येक त्रैमासिक आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त पेश्की बाहेक चालु आर्थिक बर्षको अन्त्य सम्ममा फस्यौंट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकामा चालु आर्थिक बर्षको अन्त्यसम्म फस्यौंट हुन नसक्ने मोविलाईजेशन पेश्की, कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की फस्यौट हुन बाँकी देखिएकोमा सार्जजनिक खरिद नियमावलीको नियम ११३(५) बमोजिम रनिङ बिल बाट कट्टा गरी तोकेको अवधिभित्र मोविलाईजेशन पेश्की फस्यौट गर्नु पर्ने र मोबिलाईजेशन पेश्की वाहेक अन्य पेश्कीको हकमा वर्षको अन्त्य सम्म फस्यौट हुन नसक्ने पेश्की दिईएकोले नियमानुसार पेस्की फस्यौट गर्नुपर्ने रु...

| सि.नं. | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | म्याद ननाघेको पेश्की रु. | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|
| १ | रमेश खनाल | सुत्केरी महिला पोषण कार्यक्रम | ० | २५०००० |
| २ | हेमचन्द्र निरौला | सम्मान तथा पुरस्कार | ० | ३०००० |
| ३ | हेमचन्द्र निरौला | सभा सञ्चालन खर्च | ० | १२५००० |
| ४ | सीता थापा | प्रकोप व्यवस्थापन कोष | ० | ४००००० |
| ५ | बारजी कन्स्ट्रक्सन | टोकाहा गाँडा डाँडागाउँ सडक निर्माण | १४८०४२३ | ० |
| ६ | सयपत्री मल्टिप्रपोज प्रा.लि. | कोल्डस्टोर भवन निर्माण | ० | ९०१८०९ |
| ७ | बारजी कन्स्ट्रक्सन | परिवर्तन मार्ग कालोपत्र सडक निर्माण वडा नं ५ | ६००००० | ० |
| ८ | बारजी कन्स्ट्रक्सन | समपुरक कोष | ४५०००० | ० |

| | | | | |
|---|---|---|---|---|
| ९ | सिएम जोशी स्लेट जे.भि. | राजारानी ताल सौन्दर्यकरण योजना | २४६२००० | ० |
| १० | सिएम जोशी स्लेट जे.भि. | अन्य सार्वजनिक निर्माण | ४०४५५३० | ० |
| ११ | पैजो कन्स्ट्रक्सन प्रा.लि. | घुम्ति लामाटार सडक कालोपत्रे बडा नं ६ | ८०७००० | ० |
| १२ | पैजो कन्स्ट्रक्सन प्रा.लि. | घुम्ति लामाटार सडक कालोपत्रे बडा नं ६ | ६०९००० | ० |
| | शशिधर काविल जे.भि. | शान्ति भगवती मावि छात्रावास निर्माण | १८९४००० | ० |
| १३ | शशिधर काविल जे.भि. | शान्ति भगवती मावि छात्रावास निर्माण | ० | ७१८००० |
| १४ | नेपाल विद्युत प्राधिकरण | विद्युत विस्तार कार्यक्रम वडा १ रु.१० लाख,वडा नं.७ मा रु.१० लाख र वडा नं.८ रु.५ लाख | ४९५३११ | ० |
| १५ | पाथिभरा इन्डष्ट्रिज प्रा.लि. | कोरोना रोकथाम तथा नियन्त्रणको लागि औषधि तथा सामाग्री खरिद | ० | १६५००० |
| | | **जम्मा रु.** | **१२८४३२६४** | **२५८९८०९** |

| | |
|---|---|
| पेश्की | २५,८९,८०९ |

२० **आयको अनुमान र असूली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने तथा दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा गरेको अनुमानको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पती कर, सेवा शुल्क, दस्तुर लगायत वापत अनुमान रु २७ करोड ९१ लाख १९ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु १० करोड ५३ लाख ५६ हजार अर्थात अनुमानमा ३७.७४ प्रतिशत आय प्राप्त गरेको छ । पालिकाले अनुमान गरेको बिभिन्न शिर्षकगत राजश्व सम्वन्धित शिर्षकमा दाखिला हुनुपर्नेमा फरक फरक शिर्षकमा दाखिला गरेको,अनमान नै नगरेको शिर्षकमा राजश्व असुल र दाखिला देखिएको, राजश्व असुल भएता पनि सम्वन्धित शिर्षकमा दाखिला नभएको र अनुमानको तुलनामा अनुमान र असुलिमा ठूलो अन्तर देखिएको अवस्था रहेको लक्ष्य अनुसारको असुली गर्न गराउन र आम्दानीका अन्य नयाँ स्रोतको पहिचान गरि शिर्षकगत आयको अनुमान यर्थाथपरक बनाई आय बृद्धि गर्नेतर्फ पालिकाले विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सि नं | शिर्षक | लक्ष्य | असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पति कर | २००००००।०० | ११५९३५४.९४ | ५७.९६ |
| २ | भुमि कर/मालपोत कर | १००००००।०० | १४०१८३१।२१ | १४०.०१ |
| ३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ८००००००।०० | ७९७०१७३ | २५.८० |
| ४ | घर बहाल कर | १०००००।०० | १४८५५४९।८६ | १४८.५५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | बहाल बिटौरी कर | १००००००।०० | ०।०० | ०.०० |
| ६ | पूर्वाधार सेवाको उपयोगमा लाग्न कर | ६००००००।०० | ९२४०८८९।०० | १५४.०१ |
| ७ | व्यवसायले भुक्तानि गर्ने | ६०००००।०० | ०।०० | ०.०० |
| ८ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०।०० | ४२७११२१।०० | ४२७.११ |
| ९ | कृषि तथा पशु जन्य बस्तु | ३००००००।०० | ०।०० | ०.०० |
| १० | अन्य कर | २०५०००००।०० | १०८९६११।७० | ५.३१ |
| ११ | दहत्तर बहत्तर बिक्रिबाट प्राप्त रकम | ९००००००० ।०० | ४८५४०४९६।३५ | ५३.९३ |
| १२ | सरकारी सम्पतिको बिक्रिबाट / बहाल | ५००००।०० | ६७००।०० | १३.४० |
| १३ | अन्य बिक्रिबाट प्राप्त रकम | ८००००००।०० | ०।०० | ०.०० |
| १४ | अन्य सेवा शुल्क तथा बिक्रि | ०।०० | ४९७३९।९१ | ४९७.०० |
| १५ | न्यायिक समिति दस्तुर | १९९००।०० | १६१२३।५० | ८१.०२ |
| १६ | हुलाक सेवा शुल्क | ५०००।०० | ०।०० | ०.०० |
| १७ | शिक्षा क्षेत्रको आम्दानी | ५००००।०० | २०००।०० | ४.०० |
| १८ | परिक्षा शुल्क | १०००००।०० | ३५००।०० | ३.५ |
| १९ | यातायात क्षेत्रको आम्दानी | ५००००।०० | ०।०० | ०.०० |
| २० | अन्य प्रशासनिक सेवा शुल्क | १००००००।०० | १८९०८५२।०० | १८९.०८ |
| २१ | नक्सा पास दस्तुर | ३५००००।०० | ८७५०५६।९८ | २५०.०१ |
| २२ | सिफारिस दस्तुर | २००००००।०० | १३०८९६४४।३९ | ६५४.४८ |
| २३ | व्यक्तिगत घटना दस्तुर | १०००००।०० | ४२०३६१।०० | ४२०.३६ |
| २४ | नाता प्रमाणित दस्तुर | १०००००।०० | २७५२२१।१७ | २७५.२२ |
| २५ | अन्य दस्तुर | ४०००००।०० | १२२६७६८।१७ | २५२.८२ |
| २६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००००।०० | १७२९४३०।०० | ८६.४७ |
| २७ | रेडियो / एफ.एम सञ्चालन दस्तुर | १००००।०० | ०।०० | ०.०० |
| २८ | बिद्युत सम्बन्ध दस्तुर | १००००।०० | ०।०० | ०.०० |
| २९ | अन्य क्षेत्रको आय | ०।०० | १८७६८६८।०० | १८७.६८ |
| ३० | धरौटी सदरस्याह | ५००००।०० | ०।०० | ०.०० |
| ३१ | प्रशासनिक दण्ड जरिवाना | ५०००००।०० | १५५११८।०० | ३१.०२ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | अन्य राजस्वा | २४१३०६२०।० | १८८७३७९४।५४ | ७८.२१ |
| ३३ | विज्ञापन कर | ८००००।०० | ०।०० | ०.०० |
| ३४ | बन रोयलटी | ३५०००००।०० | ०।०० | ०.०० |
| ३५ | बाँडफाँड भई प्राप्त हुने सवारी साधान कर | ६४१३४८०।०० | ०।०० | ०.०० |
| ३६ | अन्य आय | ९८०००००० ।० | १४०५५७५।०० | १.६३ |
| | **कुल जम्मा** | **२७९११९०००** | **१०५३५५७८०** | **३७.७४** |

सैद्धान्तिक बेरुजु

२१ **अनुदान खर्च र आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च (रु.हजारमा) | आन्तरिक आय (रु.हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८१७५६५ | १०५३५६ | १२.८९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १२.८९ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई अझै फराकिलो पार्दै दिगो रुपमा आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **आय ठेक्का** - आर्थिक वर्ष २०७९/८० को लागि सञ्चालित आय ठेक्का नं LM / MOR/ NCB / REV/ ०७८/०७९ का स्वीकृत व्यवसायी पाथिभरा कन्ट्रक्सनले उक्त ठेक्का स्वीकार गरी ०७९/०५/०७ मा संझौतागर्दा उक्त आय ठेक्काको कवोल रकमको ६० प्रतिशत संझौताका वखत र बाकी ४० प्रतिशत पौष तथा बैशाखमा २०/२० प्रतिशतकादरले दाखिला गर्ने गरी संझौता गरेकोमा निजले कवोल गरेको जम्मा रकम रू ९२,४०,८८९.०० को ६० प्रतिशत रू ५५,४४,०००.०० संझौता वखत र बाँकी ४० प्रतिशत रकम क्रमश २०८०।१।१३ मा रू१८,४८,४४५.०० तथा मिति २०८०।०३।१३ मा रू .१८,४८,४४५.०० दाखिला गरि कबोल अंक दाखिला गरेता पनि निजले किस्ता अनुसारको समय भन्दा दोस्रो किस्तामा १०२ दिन तथा तेस्रो किस्तामा ३२ दिन ढिला दाखिला गरेकोमा निजबाट बार्षिक १० प्रतिशतका दरले हुने व्याज रकम असुल नगरेकोले प्रत्येक किस्ताको किस्ता रकम रू.१८,४८,४४४.०० ढिला दाखिलागरे बापत व्याज असुल गर्नु पर्नेमा नगरेको रू...

| असुल गर्नुपर्ने | ६७,८६० |
|---|---|

२३ **मुल्य अभिबृद्धि कर दाखिला**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रु.१०६३१११।- सम्परीक्षण गरिएको ।)*

२४ **भूमी कर** - यस नगरपालिकाको आर्थिक ऐन,२०७९ को दफा २ मा अनूसूचि १ बमोजिमको सम्पति कर र दफा २ मा अनुसूचि २ अनुसारको भूमिकर लगाईने व्यवस्था गरेको छ । यस पालिकामा हाल ९ वडा रहेको र प्रतेक वर्ष भूमिकर बुझाउनु पर्ने करदाताको संख्या २०३४३ रहेको छ । यो बर्ष पालिकाले ७,८६४ करदातावाट रु १४ लाख ०२ हजार कर असुल गरेता पनि १२४७९ करदाताहरुले समयमा कर दाखिला गरेको देखिएन । करदाताले बार्षिक रुपमा कर बुझाउनु पर्ने र नबुझाएमा जरिवाना लाग्ने व्यवस्था आर्थिक ऐनले गरेता पनि बक्यौता रकम प्रतेक बर्ष थप भई रहेको अवस्था देखियो । पालिकाले लेखापरीक्षणको अवसरमा उपलव्ध गराएको विवरणवाट थपशुल्क सहितको अध्यावधिक अभिलेख राखेको देखिएन ।२०८० आषाढ महिनासम्मको भूमीकर लक्ष्य १० लाखको तुलनामा रु १४ लाख (१४० प्रतिशत) रहेतापनि यो कर ३८ प्रतिशत करदाताको रहेकोले अझै ६२ प्रतिशत करदातावाट औषतमा हेर्दा लगभग रु २२लाख ८४ हजार राजश्व असुल हुन नसकेको देखिन्छ । यसरी सममै कर दाखिला नगर्दा समेत कार्यालयले कर असुलीमा उल्लेखनिय कारवाहि नगरेको कारण असुलीमा ढिलाई भएको देखियो । यसमा आन्तरिक आयलाई समयमै दाखिला गराई प्राप्त आयको सदुपयोग गरि विकास निर्माणलाई प्राथमिकता दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **व्यवसाय कर असूली** - पालिको आर्थिक ऐन २०७९ अनुसार पालिका क्षेत्र भित्रमा सन्चालित विभिन्न व्यवसायमा विभिन्न दरले कर तथा वार्षिक नविकरण शुल्क लगाउने र असुल गर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो कार्य क्षेत्र भित्रमा व्यवसाय कर सङ्कलन गरेकोमा पालिकाको कार्य क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन।पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा २०८० आषाढ मसान्तसम्म २१२७ व्यवसाय दर्ता देखिएकोमा ८९२ करदाताले रु. १७ लाख ३४ हजार कर बुझाएको र बाँकी ५८ प्रतिशत १२८५ व्यवसयीले कर दाखिला नगरेको देखियो।यसरी कर नवुझाउने करदाताको बृद्धिले नगरको आयश्रोतलाई समेत प्रभाव पार्न सक्ने हुँदा यसमा पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **सवारी दुर्घटना क्षतिपूर्ति** - यातायात व्यवस्था ऐन, २०४९ को दफा १४८ अनुसार सवारी साधन धनि वा व्यवस्थापकले सवारी साधनको र दफा १५२ अनुसार तेस्रो पक्षको गराई दुर्घटना भएमा बीमा कम्पनीवाट क्षतिपूर्ति भराईलिनु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो नाममा दर्ता भएको शव वाहनको तेस्रो पक्ष बीमा नगराएको कारण २०७९।१२।२६ मा सागर विक्रम बस्नेतलाई ठक्कर दिई उपचार गराउदा लागेको खर्चवापत रु. ५३,२१०। न्यूरो अस्पताल विराटनगरलाई खर्च लेखेको छ । उक्त खर्च २०८०।२।४ को कार्यपालिकाको निर्णय नं ४ अनुसार लेखेको पाईयो । ऐनमा भएको व्यवस्था कार्यान्वयन नगरेको कारण पालिकाले उक्त खर्च व्यहोको देखिएकोले यस्तो खर्चवाट पालिकालाई थप व्ययभार परेको रु..

| | |
|---|---|
| अनियमित भएको | ५३,२१० |

२७ **नक्सा पास र दस्तुर** - पालिकाको आर्थिक ऐन ,२०७९ ले पालिकाको क्षेत्राधिकार भित्र निर्माण हुने भवनको निर्माण गर्न पालिकाबाट नक्सा पास गराउनु पर्ने र नक्सा पास गर्दा तोकिएको क्षेत्रफल अनुसार दस्तुर बुझाउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले आर्थिक बर्ष २०७९।०८० मा ४७ वटा नक्सा पासको निर्माण सम्पन्न प्रमाण पत्र जारी गरेको छ । विगतका १०५ निवेदन र यो वर्षका ३७ सहित १४२ निवेदनमा ४७ सम्पन्न भएता पनि अझै ९५ निवेदन चालु हालतमा रहेको पाईयो ।लक्ष्य अनुसार राजश्व असुल भएता पनि यसमा गरिएको अनुमान र संभाव्यताले पालिकाको महत्वपूर्ण आयश्रोतको रुपमा रहेको यस शिर्षकलाई आयको महत्वपूर्ण श्रोतमा लैजान सक्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **राजस्वको अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले दैनिक राजश्व खाता तथा शिर्षकगत असुली खाता तयार गरेको देखिएन ।वडा कार्यालय पालिकावाट समेत विभिन्न शिर्षकको राजश्व एउटै शिर्षकमा एकमुस्ट बैंक दाखिला गरेकोले शिर्षकगत अनुमान र असुलीमा देखाएको रकम भिडान गर्न नसकिने अवस्था रहेको छ ।उक्त तथ्याँकवाट गरिएको विश्लेषण र योजना यथार्थ परक नरहने देखिएकोले पालिकाले राजश्वको अभिलेख अध्यावधिक गराउने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **राजस्व असूली र दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ र २८ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट र सो समयमा सम्भव नभए महालेखा नियन्त्रक कार्यालयको स्वीकृत म्याद भित्र प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने अन्यथा १० दिन ढिला भए १० प्रतिशत जरिवाना र त्यसपछि १० प्रतिशत जरिवानाका साथै विभागिय कारवाहि हुने व्यवस्था छ । पालिकाभित्रका ९ वडाहरुमध्ये केहि वडाको असुली दाखिला भिडान गर्दा असुल गरको

राजश्व दाखिला गरेता पनि ढिला दाखिलामा पूर्ण सुधार भएको नदेखिएकोले यसमा सुधारको आवस्यकता देखियो ।

सैद्धान्तिक बेरुजु

३० **अनियन्त्रित नदीजन्य पदार्थको कारोवार**

३०.१ वातावरण संरक्षण नियमावली २०७७ को प्रारम्भिक वातावरणीय परीक्षणको प्रावधान अनुसार दैनिक ३०० घनमिटर मात्र उत्खनन गर्न सक्ने व्यवस्था रहेको साथै प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा चिसाङ्ग खोलाका लेटाङ,मोरङ्गी, स्माली र पापुगौडा वाट दैनिकविहान ९देखि साँझ ५बजेको समय भित्र क्रमशः२०५,१२७,२३६ र २१८ ।घ.मि उत्खनन गर्न मिल्ने उल्लेख भएकोमा कार्यपालिकाको मिति २०८०।१।४ को निर्णय नं १२ ले उल्लेखित व्यवस्था विपरित ठेक्का व्यवस्थापन गर्दा लामो समय लागेको र छोटो अवधिमा आईई प्रतिवेदनमा उल्लेखित परिमाणको उत्खनन नहुने हुँदा समय विहान ६ वजे दखि साँझ ६बजेसम्म दैनिक तोकिएको परिमाणभन्दा बढी उत्खनन गर्न दिने नर्णय गरेको देखियो ।यसरी नियमावली तथा प्रारम्भिक वातावरणीय मूल्याँकन प्रतिवेदनको व्यवस्था विपरित उत्खनन कार्य भएको देखिएकोले आव २०७९।०८० को चिसाङ्ग खोलाका लेटाङ,मोरङ्गी, स्माली र पापुगौडा नाकाको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्रीको रु. ६,०१,७२,१०८.०० को आय ठेक्का नियमित नदेखिएकोले यसमा कार्यपालिकालाई जिम्मेवार बनाउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३०.२ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि निर्देशन दिने तथा आबश्यक कारबाही पालिकाले गर्नुपर्ने व्यवस्था रहेता पनि पालिकाबाट अनुगमन भएको लिखत अभिलेख देखिएन ।

सैद्धान्तिक बेरुजु

३०.३ बिकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, वालुवा तथा खानी जन्य पदार्थको अभाव हुनु नदिई सहज आपूर्ति गर्न यस्ता निर्माण सामग्रीको अनियन्त्रीत दोहनलाई निरुत्साहित गरि दिगो उपयोग गर्न तथा यस क्षेत्रवाट संकलन हुने राजश्वलाई व्यवस्थित गर्न नेपाल सरकार ( मन्त्रिपरिषद ) वाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ । उक्त मापदण्डको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन गर्दा गर्नु पर्ने पुर्व तयारीमा वातावरणीय अध्ययन पश्चात तोकिएका खरिदविधिको पालना गरि प्रक्रिया पुरा गरेर मात्र तोकिएको क्षेत्रमा उत्खनन गरि आय संकलन गर्नु पर्ने देखिन्छ । पालिकाले यो वर्ष चिसाङखोलाको लेटाङ,मोरङ्गी खोलाको मोरङ्गी, तेली खोलाको स्माली र पापुगौडा नाकावाट १८२९८८.५० घ.मि. ढुङ्गा, गिट्टी, वालुवा उत्खननकोलागि वोलपत्र मार्फत पाथीभरा क्यारियर प्रा.लि.संग संझौता गरि मुअक सहित रु. ६,०१,७२,१०८।को आय ठेक्का लगाई कार्य

सम्पन्न गरेको छ ।त्यसैगरि चिसाङ्ग खोलाकै पाटीखेत र लामिटार नाकावाट ६०,०००.०० घ.मि. ढुङ्गा, गिट्टी, वालुवा उत्खननकोलागि गरेको वोलपत्र आव्हान पश्चात मुअक वाहेकको रु १,४६,०२,२००.०० को ठेक्का स्थानीय सरोकारवालको विरोधका कारण संझौताकोलागि छनौट भएका काविल कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग संझौता हुन नसकी निजले जम्मा गरेको रकम समेत कार्यपालिकाको निर्णय अनुसार फिर्ता गरेकोमा निम्न व्यहोरा देखीएका छनः

सैद्धान्तिक बेरुजु

३०.४ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ मा भएको व्यवस्था अनुसार संकलन उत्खनन र विक्रि गर्दा मापदण्डले तोके बमोजिमको कार्य योजना पालिकाबाट तयार गरि स्वीकृत हनु पर्नेमा स्वीकृत नगरेको ।

सैद्धान्तिक बेरुजु

३०.५ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राखु पर्नेमा नराखेकोले तोकिएको नाकावाट संझौता अनुसारको परिमाण उत्खनन् भएकोमा एकिनको आधार रहेन ।

सैद्धान्तिक बेरुजु

३०.६ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

३१ **सामुदायीक वनको आय** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिका अन्तर्गत हालसम्म ३६ सामुदायिक वन रहेकोमा १० वटा सामुदायिक वनवाट मात्र वार्षिक कार्ययोजना पेश भई रु ३२ लाख १६ हजार शुल्क दाखिला गरेको पाईयो ।अन्य २६ सामुदायिक वनको

यस सम्वन्धमा कुनै अभिलेख नराखेकोले यस सम्वन्धमा केहि विश्लेषण गर्न सक्ने अवस्था रहेन ।पालिका भित्र रहेका सामुदायिक वनहरुवाट वार्षिक कार्ययोजना पेश गराई सो अनुसारको वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकामा दाखिला गराउने तर्फ पालिकाको ध्यानाकर्षण हुन पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३२ **फोहरमैला व्यवस्थापन शुल्क** - पालिकाको आर्थिक ऐन २०७९ अनुसार नगरपालिका क्षेत्रमा रहेका घर, व्यवसाय, पसल होटल र सरकारी कार्यालय लगायत विभिन्न दरले फोहोर मैला व्यवस्थापन शुल्क वार्षिक रुपमा असुल गर्ने व्यवस्था गरेको छ । शुल्क अशुलिको लागी पालिकाले प्रत्येक करदातको पहिचानको लागी कार्ड वितरण गरि शुल्क अशुल गर्ने कार्यको सुरुवात गरेता पनि यसमा सहभागिको एकिन विवरण पालिकाले तयार गरेको देखिएन । फोहर मैला व्यवस्थापन तिर्ने, तिरेका र तिर्नु पर्नेको अभिलेख अध्यावधिक नगरेका कारण यसवाट पालिकालाई प्राप्त हुनु पर्ने रकम एकिन गर्न सकिएन । अभिलेख अध्यावधिक गरि यस्तो शुल्क नियमित असुल गरि फोहर व्यवस्थापनको खर्चको श्रोतलाई दिगोपना दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **लेखापरीक्षण र अनुगमन** - पालिका मातहत रहेका सामुदायिक विद्यालयको लेखापरीक्षण गराउने र त्यसको प्रतिवेदनमा देखिएका व्यहोराको कार्यान्वयन भए नभएको अनुगमन गरि आवस्यक कारवाहि गर्ने काम कर्तव्य पालिकाको रहेको छ । हाल पालिका अन्तर्गत ३१ सामुदायिक विद्यालय रहेको र ती विद्यालय मध्ये नौ विद्यालयको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन अध्ययनमा २ विद्यालयमा कर तथा छात्र वृतिमा कैफियत जनाएकोमा सो सम्वन्धमा कुनै कारवाहि गरेको नदेखिएकोले कैफियत जनिएका व्यहोराको सुधार गर्ने तर्फ पालिका सजग हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **पुष्ट्याई वेगरको खर्च** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम २ अनुसार रनिङ विलको भुक्तानी गर्दा संझौता वमोजिम आवस्यक पर्ने कागजात पेश गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकको ठे. नं १७।०७७।७८ आधारभूत स्वास्थ्य अस्पताल निर्माणको तेस्रो रनिङ विल भुक्तानी गरेकोमा निम्न आईटम हरुमा संझौतामा तोकिएको परिमाण भन्दा बढि भुक्तानी भएकोमा प्राविधिक पुस्टयाँई बीना नै भुक्तानी गरेको देखिएकोले सम्वन्धित कामको डीजाईन ड्रईङ तथा कारण र स्वीकृति सहितको पुस्टयाँई प्रमाण पेश हुनु पर्ने रु.

| आईटम नम्वर | आईटमको नाम | कुल स्वीकृत परिमाण | वढी परिमाण | बढी रकम |
|---|---|---|---|---|
| २ | अर्थ वर्क | १३७५. | ९७.०९ | २९१२७. |
| ३ | अर्थ वर्क | ५९३.६ | ४५.३२ | ४५३२. |

| | | | | |
|---|---|---|---|---|
| १२ | फर्म वर्क | ११४२.४ | ५३.५३ | ५३५३०. |
| १४ | फर्म वर्क | १७६१.९ | ३६१.२९ | ३६१२९०. |
| | **जम्मा** | | | ४४८४७९. |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४८,४७९ |

३५ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेकोमा २वटा निस्क्रीय भए पनि पालिकाले त्यसलाई कारवाहि गरेको छैन ।उक्त सहकारी संस्थाहरु मध्ये २३ वटा मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको विवरण लेखापरीक्षणको क्रममा पेश भएको छ ।पालिका स्थित शहकारीले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्न गराउन प्रदेश र संघ स्तरवाट पत्राचार गरेता पनि सोको प्रभावकारी कार्यान्वयन भएको पाइएन ।यस आर्थिक बर्षमा सहकारीको संस्थागत विकास तथा क्षमता विकास सम्वन्धमा कुनै तालीम कार्यक्रम सन्चालन भएको देखिएन । त्यसैगरी पालिकाबाट पालिका स्थित शहकारीको अनुगमन निरीक्षण भएको तथा शहकारीको वार्षिक प्रतिवेदन लिने तर्फ कुनै कारवाहि नगरेको पाईयो ।यसरी पालिका भित्र सन्चालित शहकारिको अनुगमन,नियमन तथा नियन्त्रणमा पालिकाको कुनै ठोस भूमिका निर्वाह गरेको नदेखिएकोले बचत कर्ताको बचत तथा विधान अनुसारको उध्देश्य अनुसार शहकारी सन्चालन भएकोमा एकिन हुन सकिएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका सहकारी सन्चालन सम्वन्धमा यो वर्ष कुनै उल्लेखनिय कार्य तथा अनुगमन समेत नगरेकोले सहकारीको सञ्चालन अवस्था र उजुरी तथा गुनासो सम्बन्धमा अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्था अनुसार पालिका स्थित शहकारी हरुलाई प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरि सहकारीको मर्म र मान्यता अनुसार सन्चालन गराई सदस्यको सहभागिताको सुरक्षामा आश्वस्त गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **कोषहरुको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका ३ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेकको छैन । उदाहरणको लागि जौंते स्वास्थ्य चौकीको यो बर्षको आय व्यय तथा बचत २३१४८९-२२५६४७=५८४२ रहेता पनि सो लगायत अन्य निकायको अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु

एकीकृत भए नभएकोमा एकिन हुन नसकिएकोले सोको अभिलेख अद्यावधिक गरि पालिकिको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **भ्रमण अभिलेख तथा प्रतिवेदन** - पालिकाले सबै कर्मचारीहरुको भ्रमणको अभिलेखका लागि व्यवस्थित गर्न मलेप म ले प फारम ९०७ र ९०८ बमोजिम भ्रमण अभिलेख खाता राखेता पनि भ्रमणको उद्देश्य अनुसारको म ले प फारम ९०७ बमोजिम भ्रमण प्रतिवेदन राख्ने गरेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **मर्मत सम्भार कोष** - पालिकाले २०७४ मा मर्मत सम्भार कोष सन्चालन निर्देशिका २०७४ अनुमोदन गरि रु ५लाख भन्दा बढिको निर्माण कार्यमा २ प्रतिशतका दरले रकम कट्टागरि कोषमा जम्मा गर्ने र सडक मर्मतमा मात्र उक्त रकम खर्च गर्ने व्यवस्था गरेकोमा हालसम्म उक्त कोषमा रु जम्मा भएको छ ।पालिकाले यो बर्ष उक्त कोषवाट पालिकाका एक कर्मचारी अवकास भएकोमा निजको अवकास सुबिधामा यस कोषवाट रु १५,३५,९०१। खर्च गरेकोमा सोको सोधभर्ना भएको नदेखिएको रु...

| सोधभर्ना नलिएको | १५,३५,९०१ |
|---|---|

३९ **डोर हाजिरीमा कर्मचारी नियुक्ती** - vस्थानीय तहहरुले कर्मचारी पदपूर्ति गर्दा स्वीकृत दरवन्दी भित्र रहेका पदहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश लोक सेवा आयोग मार्फत गर्नुपर्ने व्यवस्था छ । यसरी आयोग मार्फत पदपुर्ति नहुँदा सम्म स्थानीय तहले स्विकृत दरबन्दी भित्र प्रतिस्पर्धा गराई नगर कार्यपालिका कार्यालय मार्फत करारमा कर्मचारी भर्ना गरी कार्यसञ्चालन गर्नुपर्दछ । पालिकाले पालिका र अन्तरगतका वडाहरुमा इन्जिनियर, सहायक कम्प्युटर र कार्यालय सहयोगी लगायतका पदहरुमा २० देखि २५ जना कर्मचारीहरुलाई प्रतिस्पर्धा बेगर सोझै डोर हाजिरीमा नियुक्त गरी निजहरुलाई पारिश्रमिकका अतरिक्त चाडपर्व खर्च समेत दिने भनी कार्यपालिकाबाट निर्णय गराई यस वर्ष रु ५२८०४३४।०० खर्च भुक्तानी गरेको छ । कानूनले पालिका तथा अन्तर्गतका वडाहरुमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी भर्ना गरी तलब भत्तामा खर्च गर्न मिल्ने आधार नदेखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ५२,८०,४३४ |
|---|---|

४० **करारमा कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३९ जना कर्मचारीहरु करारमा नियुक्त गरी बर्षभरी रु ११४८७२५०।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम

पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ११ पदमा १३ जना करार कर्मचारी नियुक्ति गरी बर्षभरीमा रु ४९९२६५४।०० भुक्तानी गरेको नियमसंगत देखिएन ।

सैद्धान्तिक बेरुजु

४१ **भुक्तानी प्रकृया** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा रु. २५ हजार भन्दा माथीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुन छनौट गरी परीक्षण गर्दा कार्यपालिका अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालन गरिएका अधिकांश कार्यक्रमहरुमा खरिद भएका सामाग्रीहरुको रकम भुक्तानी गर्दा वडा सचिव तथा अध्यक्षको नाममा भुक्तानी भएको देखियो । अतः कार्यपालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार सम्बन्धित फर्म वा व्यक्तिको नाममा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नु पर्दछ । यसरी भुक्तानी भएका केहि उदाहरणहरुः

| गो भौ नं र मिति | खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| ३०१।०७९।७।३० | बाटो मर्मत आर एम बि निर्माण सेवाको बील | ९७८९६।०० |
| ९७२।०८०।२।२९ | पशुपंक्षीको औषधि खरिद गर्तौला भेट्स फर्माको बील | १४०३५०। |
| ८९९।०८०।२।६ | वडा नं २ को बिबिध खर्च वडा अध्यक्षको नाममा भुक्तानी | २३५४१।०० |
| ९८४।०८०।२।३० | वडा नं ५ को जेष्ठ नागरिकसंग भेटघाट अन्तरक्रिया कार्यक्रम खर्च वडा अध्यक्षको नाममा भुक्तानी | ४३२६६।०० |
| १२११।०८०।३।२४ | युवा वर्गहरुलाई दुर्व्यशनी कार्यक्रम खर्च वडा अध्यक्षको नाममा भुक्तानी | ५४१३०।०० |

सैद्धान्तिक बेरुजु

४२ **कार्यक्रममा एकद्धार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था गरेको दखिदैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी कुनै कार्यविधि समेत तयार नगरी बिपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रममा रु. ७४५०००। खर्च गरेको पाइयो । यसरी आर्थिक सहायता वितरणको नमुना छनौट गरी परीक्षण गर्दा उक्त रकम नगरप्रमुखको तोकआदेश, वडा समितको सिफारिस र केही रकम कार्यपालिकाको निर्णयको आधरमा वितरण गर्ने गरेको पाइयो । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बिमा तर्फ रु. ८२२५००।०० र वडाहरु तर्फ रु. १८७१२५८।०० समेत रु. २६९३७५८।०० खर्च गरेको छ । पालिकाले उस्तै प्रकृतिका कार्यक्रम मार्फत यस वर्ष कुल रु. ३४३८७५८।०० खर्च गरेको देखियो । पालिकाले सामाजिक सुरक्षा समबन्धि कार्यक्रमहरुलाई एक द्धार नीतिबाट सञ्चालन गरी यस्ता खर्चहरुमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **स्वायत्त संसथालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वायत्त संस्थाहरुलाई सञ्चालन खर्च अनुदान उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । पालिकाले लेटाङ बहुमुखी क्याम्पसको लागि आवश्यक सहयोगलाई निरन्तरता दिने भनी नगर सभा कार्यक्रममा उल्लेख भए अनुसार क्याम्पसलाई शैक्षिक अनुदानका रुपमा रु. १५०००००।०० निकासा गरेको पाइयो । पालिकाले शैक्षिक क्षेत्र तर्फ अनुदान वितरण गर्न कार्यविधि तयार गरेको पाइएन साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका स्वायत्त निकायलाई अनुदान भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| अनियमित भएको | १५,००,००० |
|---|---|

४४ **ईन्धन प्रयोगमा मापदण्ड** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा प्रयोग गरिने कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चहरुमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले यो वर्ष चारपाङ्ग्रे ६ र दुई पाङ्ग्रे ३६ सवारी साधनमा पदाधिकारी इन्धनमा रु २१७१७१७।०० र कार्यालय प्रयोजनमा रु २६५४५६७। समेत कुल रु ४८२६२८४। खर्च गरेको छ । पालिकाले इन्धन उपयोग खर्चको मापदण्ड तयार नगरेको साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको देखिएन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **सवारी साधन मर्मत** - सवारी साधन तथा मेशिनरी औजार सञ्चालन तथा मर्मत अभिलेख खाता व्यवस्थित रुपमा राख्नु पर्दछ । कार्यपालिकाले यस वर्ष चारपाङ्ग्रे ६ र दुईपाङ्ग्रे ३६ सवारी साधन तथा मेशिनरी औजार मर्मत शिर्षकमा रु ३८३६३४२। खर्च गरेको देखिन्छ । पालिकाले सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म. ले. प. फाराम ४१४, मर्मत आवेदन तथा आदेश फाराम ४१४, (क) मर्मत सम्पन्न र ४१५ मर्मत अभिलेख खाता व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययि हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **भ्रमण प्रतिवेद** - भ्रमण खर्च नियमावलि, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ बील भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । नगर पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण खर्च शिर्षकमा रु १४३२४४०।०० खर्च लेखेको छ। कार्यपालिकामा कर्यरत पदाधिकारी तथा कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा जिल्ला बाहिर तथा नियमानुसार भ्रमण खर्च पाउने स्थानहरुमा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरेपश्चात भ्रमण बील अनुसार खर्च भुक्तानी हुने गरेकोमा नियमावलीले गरेको व्यवस्था अनुसारको भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिएन । आवश्यक काममा मात्र भ्रमण खर्च भुक्तानी गरी यस्ता प्रकृतिका खर्चहरुमा नियन्त्रण गरिनु पर्दछ । अतः भ्रमणबाट फर्किएपछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गरी भ्रमण खर्चमा मितव्ययि हुने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **कामको प्राबिधिक मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले गो भौ नं ११०८।०८०।३।१७ बाट गरिबसंग मेयर कार्यक्रम अन्तर्गत रु ९८७६२। को ईट्टा खरिद गरी एक बिपन्न व्यक्तिलाई बुझाएको भरपाई समावेश गरेको छ । पालिकाले उक्त ईट्टाको प्रयोगबाट सम्पन्न भएको कार्यको नापजाँच गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी पेश हुनु पर्नेमा नभएकोले प्राबिधिक प्रतिवेदन पेश गर्नुपर्नेमा रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,७६२ |

४८ **बिबिध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष विविध खर्च शिर्षकमा कार्पायलिका र वडातर्फ समेत गरी रु ४१०३००३। खर्च गरेको पाइयो । पालिकाको विविध शिर्षकमा हुने खर्चलाई आन्तरिक आयको परिधिभित्र रही मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **लाभग्राहीको अभिलेख व्यवस्थापन** - पालिकाले कृषी तथा पशु क्षेत्रको बिकासका लागि कृषी यान्त्रीकरण तथा उपकरण, धान तथा मकैको बीउँ विजन वितरण, पशु बीमा पशु औषधि खरिद तथा वितरण, बंगुरका पाठापाठी तथा वोयर बोका वितरण जस्ता कार्यक्रमहरु निशुल्क तथा लागत साझेदारीमा सञ्चालन गरेको देखिन्छ । पालिकाले सार्वजनिक सूचना आह्वान गरी इच्छुक कृषक समूह तथा लक्षित लाभग्राही छनौट भए नभएको सम्बन्धमा पालिकाले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । यसरी नगरपालिकाबाट भए गरेका

कामको मुल्यांकन र अनुदान तथा कृषी सामाग्रि वितरणबाट रोजगारी, उत्पादकत्व, राजश्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको देखिएन । साथै स्थानीय तहबाट अनुदान तथा कृषि औजार सामाग्री प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्यावधिक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५० **भरपाई पेश हुनुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा कारोवारको लेखा राख्दा कार्यालयले सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने व्यवस्था गरेको छ। कार्यपालिकाले देहाय बमोजिमका कार्यक्रमहरुमा सामाग्रि खरिद गरी बिल भुक्तानी गरेकोमा ती समाग्रीहरु लाभग्रहीलाई बुझाएको भरपाई संलग्न भएको नदेखिएकोले भरपाई पेश हुनुपर्ने अन्यथा भुक्तानी लिने कर्मचारीबाट असुल हुनु पर्ने रु..

| भौ नं र मिति | कार्यक्रम | सामाग्रिको विवरण | खर्च रकम रु |
|---|---|---|---|
| ७३५।०७९।१२।१९ | कृषी कार्यक्रम वडा नं ३ | प्लाष्टिक टर्नेल तारपोलिन १८ पिस | १०००००।०० |
| २३७।०७९।७।३ | प्रकोप नियन्त्रण | कृषि बिषादी खरिद | १०००००।०० |
| ५७५।०७९।१०।२६ | ह्विल चेयर खरिद | ह्विल चेयर ७ थान | ९९९९५।०० |
| | **जम्मा** | | **२९९९९५।००** |

| प्रमाण पेश नगरेको | २,९९,९९५ |
|---|---|

५१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पटक पटक गरी पालिका चालुबाट रु ८०१३९७।०० र संघिय शर्शतबाट रु १७०९४५३।०० समेत जम्मा रु २५१०८५०।०० को औषधि सोझै खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **छात्रबृत्ति कार्यक्रम** - पालिकाले आफु मादहत सञ्चालित सामुदायिक बिद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई कार्यपालिकाको निर्णय अनुसार यस वर्ष कुल रु. ८३१८००।०० छात्रवृत्ति बापत खर्च गरेको छ । पालिकाले छात्रवृत्ती वितरण सम्बन्धी कुनै मापदण्ड तथा कार्यबिधि तयार नगरी वडा तथा कार्यपालिकाको निर्णयको आधारमा उपलब्ध गराएको देखियो । यसरी छनौटको स्पष्ट मापदण्ड बेगर बितरण गरीदा लक्षित बर्ग लाभान्वित भयो भनेर सुनिश्चत गर्न सकिएन । यस्तै प्रकृतिको छात्रबृत्ति संघिय शर्शत शिक्षाबाट पनि बिद्यालयहरुलाई निकासा हुने हुदा दोहोरो पर्न सक्ने भएकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको छात्रबृत्तिले विद्यार्थीहरुको शैक्षिक अवस्थामा पारेको प्रभावको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **महशुलमा थप जरिवना** - बिद्युत, खानेपानी तथा टेलिफौन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । पालिकाले नेपाल बिधुत प्राधिकरणलाइ विधुत खपत वापतको गो भौं नं ४४२।०७९।९।१८ बाट विधुत महशुल रु ८७४५। भुक्तानी गर्दा रु १३९९। र ६४१।०७९।११।२९ बाट रु १०९८०५। महशुल भुक्तानी गर्दा रु १०१२०। गरी जम्मा रु ११५१९।०० थप हर्जना भुक्तानी गरेको देखियो । पालिकाले समयमै विल भुक्तानी नगर्दा थप दायित्व सिर्जना हुने भएकोले समयमै विल भुक्तानी गरी रिवेट लिने तर्फ ध्यान दिनु पर्दछ। यसरी थप दायित्व श्रृजना हुने गरी गरेको भुक्तानी नियमसंगत नदेखिएको रु..

| अनियमित भएको | ११,५१९ |
|---|---|

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार बेरोजगारहरुको सूचीकरण गरी सुचिकृतलाई प्रथामिकताका आधारमा कार्य उपलब्ध गराइ औसतमा १०० दिनको रोजगारी श्रृजना गर्ने व्यवस्था गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका बिभिन्न ४ वडाहरुका २० वटा सार्वजनिक निर्माण सम्बन्धि कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरि ज्याला वापत यस वर्ष रु.६०४८०४४। भुक्तानी गरेको छ । यसबाट १४१ जनाले औसत ७४.३४ र कुल १०४८२ दिनको रोजगारी प्राप्त गरेको देखिन्छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएता पनि कामको दिगोपना तथा दिर्गकालिन रोजगारी सृजना भएको देखिदैन । निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरी सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण, उपभोक्ता समितिबाट खर्च अनुमोदन गर्न लगाउने तथा दीर्घकालिन रोजगारी श्रृजना हुने कार्यमा बजेट खर्च गर्नु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **शिक्षकको दरबन्दी तथा पदपुर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विद्यालय संख्या वटा | १९१ | १८१ | ४८ | ६३६० |

सैद्धान्तिक बेरुजु

५६ **संस्थागत विद्यालयको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ। नगरपालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन। निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन। पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **राष्ट्रपति शैक्षिक सुधार -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा केन्द्रबाट छनौट भएका विद्यालयको भवन निर्माण, ल्याव व्यवस्थापन अनुदान सम्बन्धी कार्यको नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात तयार गर्दा स्थानीय तहले अनुसूची ६ बमोजिम विद्यालयमा भए गरेका निर्माण कार्यको कागजातहरु २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट इन्चार्ज, विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गरी गराइ एक प्रति स्थानीय तहमा र अर्को एक प्रति विद्यालयमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार अनुदान उपलव्ध गराएका देहायका बिद्यालयहरुले पूर्वाधार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पेश गरेको छैन । कार्यान्वयन पुस्तिकामा उल्लेख भएवमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु...

| क्र.सं. | विद्यालय | निकासाको प्रयोजन | रकम |
|---|---|---|---|
| १ | ज्योती आधारभूत विद्यालय | २ कोठे भवन | १६१०६२१.०० |
| २ | श्री माध्यमिक विद्यालय | ४ कोठे भवन | ५१४४४५०.०० |

| प्रमाण पेश नगरेको | ६७,५५,०७१ |
|---|---|

५८ **सेनेटरी प्याड वितरण -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयहरुका कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण गरिने उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा गो.भौ.नं.१३७ मिति २०७९।१२।१५ मा नित्य श्री सप्लायर्स प्रा.लि. मार्फत रु.९९८९२०। रकमको सेनेटरी प्याड खरिद गरी नगरपालिका भित्रका १३ वटा विद्यालयका छात्रालाई IEMIS का आधारमा निर्देशिका बमोजिम वितरण गरि सोको भरपाई समावेश गरेको देखियो।

सैद्धान्तिक बेरुजु

५९ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु. १४३७५५४२१। सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको छैन । कार्यालयले समाजिक सुरक्षा भत्ता पाउनेको नाम, खाता नं र परिचय पत्र तथा जन्म मिति लगायतको सम्पुर्ण विवरण अधावधिक गरी एम.आइ. एस.मा प्रविष्ट गरी सामाजिक सुरक्षा वितरणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। गत वर्ष र यस वर्षको लाभग्राहिको तुलनात्मक विवरण देहायबमोजिम छनः

| क्र.सं. | सामाजिक सुरक्षा लाभग्राहीको विवरण | भत्ता दर | निकासा ७८।७९ | निकासा ७९।८० |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ४००० | १९०५ | २३२० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ४००० | १८९ | १५० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | ४११ | ३२६ |
| ४ | विधवा | २६६० | ५३६ | ५४३ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | १५४ | १३९ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | २०९ | २१२ |
| ७ | दलित बालबालिका | ५३२ | २५९ | २३५ |
| | **जम्माः** | | **३६६३** | **३९२५** |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६० **संघिय सञ्चित कोषमा रकम दाखिला -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार स्थानीय तहले भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रहेको रकम फ्रिज गरी संघीय सँञ्चित कोषमा फिर्ता गर्नु पर्दछ। पालिकाले निम्नानुसार ६ वटा वैङ्क खातावाट सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा गरेकोमा लाभग्रीको मृत्य भएको कारण सम्वन्धितलाई रकम निकासा हुन नसकेको निम्नानुसारको रकमलाई लाई फ्रिज गरी संघीय संञ्चित कोषमा फिर्ता गर्नु पर्दछ।

| क्र.सं. | वैङ्कको नाम | रकम |
|---|---|---|
| १ | एन.एम.बि.बैङ्क | ० |
| २ | प्राईम वैङ्क शाखा कार्यालय,लेटाङ | ९०४१२ |
| ३ | एन.आई.सि.एसिया वैङ्क लिमिटेड | १६००० |
| ४ | नबिल बैङ्क लिमिटेड | १३४०२० |
| ५ | प्राईम बैङ्क जाँति शाखा कार्यालय | १६८५६५ |
| ६ | कृषि विकास बैङ्क | ३१३४२ |
| | **जम्मा रु.** | **४४०३३९।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४०,३३९ |

६१ **हेभी मेशिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर, ग्रेडर, रोलर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ताको नाम | कामको विवरण | जम्मा भुक्तानी | प्रयोग भएको उपकरण | मेशिनमा भएको खर्च |
|---|---|---|---|---|
| मुख्य सडक तथा शाखा सडक मर्मत वडा नः ७ | सडक स्तरोन्नती | ९९६४१२.०० | एस्काभेटर | १०२७२३८.२५ |

| | | | | |
|---|---|---|---|---|
| खैरेनी राजारानी बाटो मर्मत सुधार | सडक स्तरोन्नती | ३७००००.०० | व्याकूलोडर | ४५११२९.९० |
| सर्पेटार कुइकुण्डा सडक मर्मत | सडक स्तरोन्नती | ३८००००.०० | व्याकूलोडर | ४६३५८९.२८ |
| गुवाबारी वारङ्गी सिङ्गो मोटरवाटो सरसफाई | सडक स्तरोन्नती | २११२५००.०० | एक्राभेटर | १८३४५७२.५५ |

सैद्धान्तिक बेरुजु

६२ **फरक नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारवाट मिति २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्स (भवन) को प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा पि.सि.सि. (१:३:६) को प्रति घ.मि.रु.७२०४।५२, पि.सि.सि. (१:२:४) को प्रति घ.मि.रु.८२९४।०२र पि.सि.सि. (१:१.५:३) को प्रति घ.मि.रु.९३५९।१९ हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा सडक निर्माणको लागि स्वीकृत भएको नर्म्सको प्रयोग नगरी दर विश्लेषण गरेको छ । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले पालिकालाई थप व्ययभार परेको रु...

| भौचर | उपभोक्ता समिति | परिमाण | भुक्तानी दर | वढी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २१५ | मुक्ती चोक देखि मदन मार्ग जोड्ने सडक | ३३.६ | ९२१९.२० | २०१४.६८ | ६७६९३ |
| २१५ | मुक्ती चोक देखि मदन मार्ग जोड्ने सडक | ५०.४ | १०६२८.२० | २३३४.१८ | ११७६४३ |
| २४५ | हिमलक्ष्मी हिमचुली सडक निर्माण | ६४.० | ९२१९.२० | २०१४.६८ | १२८९४० |
| २४५ | हिमलक्ष्मी हिमचुली सडक निर्माण | ९६.० | १०६२८.२० | २३३४.१८ | २२४०८१ |
| ३९९ | इमान सिं चेमजोङ वाटो निर्माण | ११.२ | ९२१९.२० | २०१४.६८ | २२५६४ |
| ३९९ | इमान सिं चेमजोङ वाटो निर्माण | २२.४ | १०६२८.२० | २३३४.१८ | ५२२८६ |
| ४९० | जाँते लालझोडा सडक निर्माण | १७.०३ | ११९६०.१४ | २६००.९५ | ४४२९४ |
| | **जम्माः** | | | | **६५७५०१** |

| | |
|---|---|
| अनियमित भएको | ६,५७,५०१ |

६३ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ को उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०७७।७८ देखि यो कार्यक्रम सुरुवात भएकोमा २०८० आषाढ

मसान्तसम्म यस स्वीकृत कोटा ३७२ रहेकोमा ३२० लाभग्राहीसँग १ करोड ६० लाखको अनुदान सम्झौता गरेको पाईयो भने ५२ घरधुरीसंग हालसम्म सम्झौता गरेको देखिएन । यसरी सम्झौता गरेका ३२० लाभग्राहीले पहिलो किस्ता वापत रु ९६ लाख भुक्तानी लिएको देखियो सो मध्ये १८२ जनाले मात्र कार्य सम्पन्न गरि दोश्रो किस्ता भुक्तानी लिएको देखिएकोले सम्झौता गरेका मध्ये १३८ जनालाई प्रथम किस्ता वापतको रकम रु ४१ लाख ४० हजार उपलव्ध गराएता पनि ती लाभग्राहीको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन । कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था भएकोले कार्य सम्पन्न भए नभएकोमा कार्यविधिको व्यवस्था अनुसार गत विगत र यस बर्ष पहिलो किस्ता लिएका तीन लाभग्राहिको रु ९०,०००। को आवस्यक अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

६४ **पेश्की फस्यौंट नगरी भुक्तानी**

***✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२५ को निर्णयबाट रु.२७१०३१।- सम्परीक्षण गरिएको ।)***

६५ **प्राविधिक नापजाँच** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष देहाय अनुसारको निर्माण सामग्री खरिद गरि भुक्तानी गरेको छ । यसरी खरिद गरिएका मालसमानहरु वडाको सिफारिसको आधारमा नगर प्रमुखको आदेशमा पटक पटक विभिन्न व्यक्ति तथा उपभोक्ता समितिलाई फरक फरक परिमाणमा वितरण गरि सोको स्वीकृति कार्यपालिकावाट समेत भएको देखियो । यसरी सामान खरिद गरि वितरण गरिएता पनि निर्माणसंग सम्वन्धित उक्त सामग्रीहरु प्रयोजन अनुसारको ठाँउमा र तोकिएको परिणामा उद्धेश्य अनुसार प्रयोग भएको सम्वन्धमा प्राविधिकवाट नाँपजाँच तथा अनुगमन गरेको प्रतिवेदन बेगर नै कार्यपालिकावाट खर्चको अनुमोदन गरेको देखिएकोले यसमा सामग्रीहरु प्रयोजन अनुसारको ठाँउमा र तोकिएको परिणामा उद्धेश्य अनुसार प्रयोग भएको प्राविधिक नाँप जाँचको प्रमाण सहितको अनुगमन प्रतिवेदन पेश हुनु पर्ने निम्नानुसारको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,७३,१४५ |

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **सोझै खरिद**

६६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद

गर्न सकिने व्यवस्था छ । पालिकाले भौचर नम्वर ७०, ८१ र १२३ वाट डि जे निर्माण तथा ढुवानी सेवा प्रा.लि.संग रु.१३५११९१। वरावरको विभिन्न स्थानमा सडक मर्मत तथा निर्माण कार्य खरिद गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी पालिकाहरुले एउटै फर्मबाट रु.१० लाख भन्दा बढीको सोझै खरिद गरेको अनियमित देखिएको रु....

| | |
|---|---|
| अनियमित भएको | १३,५१,१९१ |

६६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.१० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका रु.८८५६६२६। वरावरका निर्माण तथा खरिद कार्य गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| भौ.नं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४१ | राजारानी कार्तिके सडक मर्मत | पुर्वेली निर्माण सेवा | ७१६५५९ | ६९१९७२ | ६८३४२८ |
| ४३ | नगरपालिका भवनको लिफ्टको भागमा स्टोर निर्माण तथा आल्मुनियम सेक्सनको काम | स्वर्णिम निर्माण सेवा | ४९९४०८ | ४८५२१९ | ४८५२१९ |
| २५ | लेटाङ कानेपोखरी सडक सौन्दर्यकरण | काबिल कन्सट्रक्सन एण्ड सप्लायर्स | ६५८४०३ | ६४२०२४ | ६४२०२४ |
| १५ | फेदी संरक्षण लेटाङ १ | बारजी कन्सट्रक्सन | ५९९७४५ | ५७८१६४ | ५७८१६४ |
| ४५ | वडा नं ३ विपद सम्वन्धी विभिन्न योजनाहरु | बारजी कन्सट्रक्सन | २८२९१३ | २७८३८१ | २७८३८१ |
| ७० | अँधेरी शिखरुर सडक मर्मत | डि.जे. निर्माण तथा ढुवानी सेवा प्रा.लि. | ४९९६१८ | ४९७३९४ | ४९७३९४ |
| ८१ | जाँते बाघखोर लालझोडा बाटो मर्मत | डि.जे. निर्माण तथा ढुवानी सेवा प्रा.लि. | ४६७०२१ | ४६५३२० | ४६५३२० |
| १२३ | सडक मर्मत | डि.जे. निर्माण तथा ढुवानी सेवा प्रा.लि. | ० | ० | ३८८४७७ |
| ७५ | विभिन्न सडक मर्मत | भिभो निर्माण सेवा | ६८९७८७ | ६५२४५३ | ६५२४५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११५ | वडा नं छ बुधवारे सडक मर्मत | सयपत्री मल्टिपर्पोज कम्पनी प्रा.लि. | ९९८५९२ | ९३८०८० | ९३८०८० |
| १२२ | कन्सट्रक्सन अफ हेल्पडेस्क र पुनर्निमाण | जकाब्स इन्टरनेशनल इन्जिनियरिङ ग्रप प्रालि | ५७५११३ | ५६७९४५ | ५६७९४५ |
| १९४ | लेटाङ कानेपोखरी सडक विस्तार (चौडाइ) | अग्नी एण्ड सन्स निर्माण सेवा | ८८९८०३ | ८८५९०७ | ८८५९०७ |
| ६० | रामजानकी मन्दिर निर्माण | अम्बे पाथिभरा निर्माण सेवा | ७९९७८० | ७९८०१३ | ७९८०१३ |
| ४४४ | डिसेखोल्सी कल्भर्ट निर्माण | रिदिमा निर्माण | ४९९०५१ | ४९७८४२ | ४९७८४२ |
| ४४८ | मगर बौद गुम्वा घेराबारा तथा निर्माण कार्य | रिदिमा निर्माण | ४९८९६३ | ४९७९७९ | ४९७९७९ |
| | | **जम्माः** | **८६७४७५६** | **८४७६६९३** | **८८५६६२६** |

सैद्धान्तिक बेरुजु

६६.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एकै प्रकृतिको निर्माण तथा खरिद एक पटक मात्र गर्न सकिने व्यवस्था छ । पालिकाले सडक वत्तीको लागि सोलार तथा व्याट्री लगायतका खरिद टुक्रा पारी गरेको देखियो । एउटै प्रकृतिको निम्नानुसार रु.१४६७५००। को सोलार, व्याट्री र कन्ट्रोलर लगायतको खरिद कार्य गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी भएको खरिद अनियमित देखिएको रु...

| भौ.नं./मिति | विवरण | भुक्तानी भएको पार्टी | रकम |
|---|---|---|---|
| १५१- २०७९।९।२९ | सोलार, व्याट्री | लोटस कम्प्यूटर सप्लायर्स | ९३१५००.०० |
| २७०- २०७९।१२।१९ | सोलार, कन्ट्रोलर | सोलार कन्स्ट्रक्सन एण्ड इनर्जि प्रा.लि. | ५३६०००.०० |
| | **जम्माः** | | **१४६७५००.००** |

| | |
|---|---|
| अनियमित भएको | १४,६७,५०० |

६७ **परामर्श तथा डि पि आर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरुबीच मिति २०७९/०४/२४,२५ र २९ गते भएको अन्तरक्रिया

कार्यक्रम पश्चात आयोगको च.नं १७०७३ मिति २०७९।६।३० को पत्रद्धारा विभिन्न मन्त्रालय,विभाग र निकायलाई विभिन्न ३१ बुंदे सुझावको कार्यान्वयनकालागि निर्देशन गरेको छ ।जस मध्ये सुझावको बुंदा नं १० मा . विभिन्न अध्ययन तथा डिजाइनको नाममा परामर्शदाता मार्फत हुने खर्चको औचित्य पुष्टि हुनुपर्ने, अति आवश्यक अवस्थामा मात्र परामर्शदाता मार्फत त्यस्ता कार्य गर्ने व्यवस्था मिलाउनुपर्ने र त्यसप्रकारका प्रतिवेदन यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने साथै कार्यान्वयन हुन सम्भव नभएको अवस्थामा अधिकार प्राप्त अधिकारीमार्फत प्रमाणित गराई व्यवस्थित रुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने, उल्लेख भएकोमा पालिकाले गत बर्ष रु ५७ लाख ६२ हजार खर्चगरि तयार भएका रु ३२ करोड ५३ लाख ८५ हजारका ४ आयोजन निर्माणमा सोको पूर्ण रुपमा पालना भएको पाईएन । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको २ कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

| क सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |
| १ | चिसाङ सडक पुल डिपिआर | प्रोडेस्क् इन्जिनियरिङ् इन्क प्रा.लि | १७९५.१२ | १७९५.१२ | १६०७१६९६७.१५ | कार्यान्यिवन नभएको |
| २ | आरुबोटे पार्क निर्माण डिपिआर | प्रोडेस्क् इन्जिनियरिङ् इन्क प्रा.लि | १५०७.४ | १५०७.४ | ७१९९९०७६. | कार्यान्यिवन नभएको |
| ३ | नगरपालिका प्रशासनिक भवन डिपिआर | टपकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १९७५.५९ | १९७५.५९ | ८२१४१८१५.६५ | कार्यान्यिवन नभएको |
| ४ | वडा नं २ कार्यालय भवन डिपिआर | अमर जानकी कन्सल्ट एण्ड विल्डर्स प्रा.लि. | ४८४.७ | ४८४.७ | १०५२७०३३.२३ | |
| यो बर्षको | | | | | | |
| १ | भु उपयोग सम्बन्धि योजना निर्माण | पिकासो कन्सल्टेण्ट प्रा.लि. | २५००. | २०५२.७५ | आयोजना निर्माण नहुने | आगामी वर्षमा कार्यान्वन हुने |
| २ | आबधिक योजना निर्माण MTEF सहित | ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा.लि. | २०००. | ११८२.५५ | आयोजना निर्माण नहुने | आगामी वर्षमा कार्यान्वन हुने |

सैद्धान्तिक बेरुजु

६८ **अस्पताल सञ्चालन कार्यविधि** - नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य सेवा स्थानीय तहहरुको एकल अधिकार सूचीमा रहेको व्यवस्था लागु भए पश्चात १५ शैया सम्मका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइ तथा आयुर्वेदिक औषधालयहरु स्थानीय तह मातहत रहने व्यवस्था अनुसार नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७४।०५।११ मा ती निकायलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ । त्यसैगरी जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा जनस्वास्थ्य सेवा नियमावलीमा समेत १५ शैयाका अस्पतालहरु स्थानीय तहहरुले सञ्चालन अनुमति तथा नियमन गर्न सक्ने व्यवस्था रहेको छ। उल्लेखित नीतिगत व्यवस्था अनुसार यस नगरकार्यपालिकाको मिति २०७९।०३।२९ को निर्णय वमोजिम यस लेटाङ नगरपालिका वडा नं ३ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाइ स्तरोन्नति गरी १५ शैयाको लेटाङ अस्पतालको रुपमा स्तरोन्नति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरेकोमा मन्त्रालयवाट यस सम्वन्धमा कुनै जानकारी गराएको देखिएन भने स्थानीय तहले यस सम्वन्धमा ऐन पनि वनाएको देखएन । नगर कार्यपालिकाको २०८०।१।४ को निर्णयले साविककै वडाअध्यक्षको अध्यक्षतामा नगरपालिकाका अन्य प्रतिनिधि समेत रहने गरि सन्चालक सिमिति गठन गरी सन्चालन हुदै आएको यस अस्पतालको स्तर बृद्धिको सिफारिस गर्दा लिने आधारहरु नखुलाई सिफारिस गरेको, नमुना कानून अनुसार सन्चालक समितिको अध्यक्षनगर प्रमुख रहनु पर्नेमा नियुक्तीको आधार नखुलाई वडाध्यक्षलाई नियुक्त गरेको र तत्पश्चात अस्पतालको सन्चालन कार्यविधि हालसम्म तयार नहुनुको साथै पालिकाले लेखापालनकोलागि कर्मचारी नियुक्ती गर्ने निर्णय गरेकोमा हालसम्म सोको समेत व्यवस्था नभएको अवस्था रहेको पाईयो । साविक प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारी तथा समितिले व्यवस्था गरेका अन्य कर्मचारी समेतवाट सञ्चालन भईरहेको उक्त अस्पतालको लागि नगरपालिकावाट विभिन्न आर्थिक र भौतिक सहयोग भईरहेता पनि अस्पताल सञ्चालनमा पालिकाको भूमिका के रहने, सञ्चालक समितिमा को को रहने तथा आय व्ययको सन्चालन नियन्त्रण कसरी हुने स्पस्ट कानूनी व्यवस्थाको अभावमा पनि अस्पताल सन्चालनमा रहेको पाईयो । अस्पतालको सन्चालन र आम्दानी तथा खर्चको स्पस्ट कानुन, मापदण्ड तथा कार्यविधि वेगर सञ्चालन भएको अवस्थामा अस्पतालवाट सन्चालित प्रसाशनिक तथा आर्थिक पक्षका विषयमा पारदर्शिता तथा श्रोत साधनको उपयोगका सम्वन्धमा नियम संगत भएकोमा आश्वस्त हुने अवस्था रहेन । यसमा सम्वद्ध निकायको ध्यानाकर्षण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **वीमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उदाहरणको लागि पालिकाले तपशिल वमोजिमका ठेक्का तथा उपभोक्ता समतिहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न

नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| कामको विवरण | निर्माण व्यवसायी/उपभोक्ता समिति | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| पि.एच.सि. विल्डिङमा कम्पाउण्डवाल र पेभमेन्ट निर्माण | तुम्रोक कन्स्ट्रक्सन | ६१४७६५९.३९ | २२००० | वीमा नगरेको |
| जनसेवा हुँदै मिलनचोक सम्म कालोपत्रे निर्माण | अग्नि एण्ड सन्स निर्माण सेवा प्रा.लि. | १०७६३६७७.७६ | ३५००० | वीमा नगरेको |

सैद्धान्तिक बेरुजु

७० **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **भेरिएशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता वमोजिमको कार्य सुरु भई सकेपछि निर्माण कार्यको ड्रईङ्ग, डिजाईन तथा स्पेशिफिकेशन आदि वदल्नु पर्ने र कामको परिमाण थप घट हुने अवस्थामा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण तथा त्यसले लागत अनुमानमा पार्ने प्रभाव लगायतको कारण खुलाई ऐनको दफा ५४ वमोजिम भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंगको सम्झौताको साधारण

शर्तको बुँदा नः ३६ मा वि.ओ.क्यू.मा उल्लेखित मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्का रकमको २ प्रतिशत भन्दा वढी भेरिएशन भएमा त्यस्तो थप भएको काममा नयाँ दररेट कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नः LM/MOR/NCB/W-११/०७८/०७९ को २ नः वडा कार्यालय भवन निर्माण मेरिडियन कन्स्ट्रक्सन प्रा लि- संग रु.८३९६३७८।९५ मा सम्झौता गरेको देखियो । उक्त योजनामा स्टिमेट वमोजिम सालको ढोकाको पल्ला उपलव्ध नभएको भनि ३५.१९ व मि रेडिमेड र ७.८८ व मि PVC ढोकाको पल्ला प्रयोग गर्ने गरी मिति २०७९।१२।२८ मा १०.९३ प्रतिशत भेरिएशन स्वीकृत गरेको छ । भेरिएशन पछि सम्झौता रकम रु.९२६९८४६।३५ कायम भएको योजनाको रनिङ विलको परिक्षण गर्दा निर्माण व्यवसायीले ठेक्का कवोल गर्दा घटेको प्रतिशत ३८.१ रहेकोले नयाँ आइटममा पनि सोहि वमोजिम भुक्तानी दिनु पर्ने अथवा Negotation गरी नयाँ दर कायम गरेर भुक्तानी दिनुपर्नेमा सो भएको देखिएन । ठेक्कामा कवोल गरेको भन्दा वढी हुनेगरी भुक्तानी भएको रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२६३ |

७२ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । देहायको योजनाहरुमा पालिकाले स्वीकृत नर्म्स अनुसार गरेको दर विश्लेषण भन्दा बढी दरले भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने देखिएको रु....

| योजनाको नाम | कामको विवरण | परिमाण | स्वीकृत दर | भुक्तानी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| पैतिस विघे पार्क निर्माण | Cement concrete work १:२:४ | १६.३५ घ.मि. | ९८५६.३८ | ११६६०.०० | २९४८९.१९ |
| देवीथान मोरङ्गे सिचाई पैनी निर्माण | PCC १:३:६ | ४.९६ घ.मि. | ९२१९.२० | १२९८०.३४ | १८६५५.२५ |
| ज्ञान ज्योती प्रा.वि.मर्मत | इटाको गाह्रो लगाउने काम १:४ | १६.४५ घ.मि. | १६३९८.८० | १८२००.८० | २९६४२.९० |
| राजारानी महिला भवन | व्लकको काम | १.५८ घ.मि. | १३३७०.३३ | १६३९८.८० | ४७८४.९८ |
| **जम्माः** | | | | | **८२५७३.३२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,५७३ |

७३ **ट्याक कोट** - भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धी नर्म्स Standard specification for Roads and Bridge work २०७३ (With Amendment २०७५) अनुसार कालोपत्रे सम्बन्धी काम गराउदा Bituminous Layer मा ट्याक कोट परिमाण प्रति वर्ग मिटर ०.४ देखि ०.६ लिटरका दरले औषतमा ०.५ लिटर खपत हुने उल्लेख छ । पालिकाले समावेशी मार्ग कालोपत्रेको काममा उक्त आइटमको नर्म्स अनुसार दैनिक २ पटक Tray Test गरेको रिपोर्ट बेगर प्रति वर्ग मिटर ०.७३ लिटरका दरले भुक्तानी गरेको देखियो । यसरी नर्म्स भन्दा वढी परिमाण राखि सोही वमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु...

| योजनाको नाम | निर्माण व्यवसायी | क्षेत्रफल (व.मि.) | वढी विटुमिन (लि.) | दर मु.अ.कर समेत | वढी भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| समावेशी मार्ग कालोपत्रे | सयपत्री मल्टिपर्पोज कम्पनी प्रा.लि. | ४४०६.५ | १०१३.४९ | ११८.६५ | १२०२५०.५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,२५० |

७४ **कोल्ड स्टोरेज भवन** - ठेक्का नः ०६- २०७८।७९ लागत अनुमान रु.१४४११०५८।४९ भएको कोल्ड स्टोरेज भवन निर्माण रु.९९७४१६०।१५ (३३.८५% घटी) मा मिति २०७९।३।१५ मा कार्य सम्पन्न गर्ने गरी सयपत्री मल्टी पर्पोज कम्पनी प्रा.लि.सँग सम्झौता भएको देखियो । तोकिएको समयमा काम सम्पन्न गर्न नसक्ने भनि म्याद थपको प्रकृया पुरा गरेर मिति २०७९।२।३० को कार्यालयको निर्णयवाट मिति २०७९।८।३० सम्म पहिलो पटक म्याद थप भएकोमा पुनः आईटम नः १७ र १८ मा उल्लेख भएको निर्माण सामग्री नेपाली वजारमा BOQ को स्पेशिफिकेशन वमोजिमको उपलव्ध नभएको निवेदनको आधारमा दोश्रो पटक मिति २०८०।३।३० सम्म म्याद थप भएको छ । डिजाईन स्टिमेट वमोजिम विमको कोलम सानो भएको भनि Structural Analysis पेश गरेर भेरिएशन समेतको म्याद थपको लागि पुनः निवेदन पेश भएकोमा मिति २०८०।३।९ को कार्यपालिकाको निर्णयवाट ६.१९ प्रतिशत भेरिएशन पछि सम्झौता रकम रु.१०५९१७६८।४३ कायम हुने गरी मिति २०८०।६।३० सम्मको म्याद थप गरेको र यसलाई मिति २०८०।३।१९ को नगरसभाले अनुमोदन गरेको छ । हाल सम्म ४९.३५ प्रतिशत मात्र प्रगति भएको यस योजनामा स्थलगत अनुगमनको क्रममा निर्माण कार्य पूर्ण रुपमा स्थगन भएको देखियो । निर्माण कार्य स्थगित भएपछि पालिकाले मिति २०८०।८।५ मा स्पष्ट जानकारी सहित उपस्थित हुने सम्वन्धमा पत्राचार गरेको भए तापनि निर्माण व्यवसायी सम्पर्कमा नरहेको पालिकाको भनाई रहेको छ । यसरी पटक पटक म्याद थप तथा निर्माण कार्य सुचारु गर्नको लागि पत्राचार गर्दा पनि सम्पर्क विहिन हुने निर्माण व्यवसायीवाट सम्झौता वमोजिमको निर्माण कार्य तेश्रो पटक थप भएको अवधिमा पनि सम्पन्न भएको देखिएन । खरिद नियमावलीमा भएको व्यवस्थालाई ध्यानमा राखि तोकिए वमोजिमको कार्य सम्पन्न गर्न निर्माण व्यवसायीबाट वर्क सेडुल लिई सोही आधारमा काम सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

(कोल्ड स्टोरेज भवनको हालको अवस्था)



सैद्धान्तिक बेरुजु

७५ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिम अवस्था (काबु वाहिरको परिस्थिति, मनासिव कारण) परि सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायी वा सेवा प्रदायकले कारण खुलाई खरिद सम्झौताको म्याद सकिन कम्तिमा

एक्काइस दिन अगाबै सम्वन्धित निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । त्यस्तै नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नः ०६- २०७८।७९ को कोल्ड स्टोरेज भवन निर्माणमा सयपत्री मल्टी पर्पोज कम्पनी प्रा.लि.सँग भएको सम्झौता वमोजिम अन्तिम पटक थप गरेको म्याद समाप्त भएको अवधिमा पनि निर्माण कार्य पुरा नगरेको देखियो । पालिकाले उक्त खरिद सम्झौतामा पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी सम्झौता वमोजिमको कार्य सम्पन्न गर्नु पर्दछ । खरिद सम्झौताको अन्तिम पटक थप भएको म्याद समाप्त भएको मिति २०८०।६।३० देखि लेखापरीक्षण अवधि २०८०।८।१७ सम्मको प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले हुने दैनिक रु.५२९६। ले ४७ दिनको जम्मा रु.२४८९०६। पूर्वनिर्धारित क्षतिपूर्ति असूल हुनुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४८,९०६ |

७६ **समपुरक अनुदान** - नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन प्राधिकरण र नगरपालिका विच मिति २०७७।१२।१० मा रु.६९३०००००। लागत भएको राजारानी ताल सौन्दर्यकरण योजनामा नेपाल सरकारले रु.४५१०००००। र पालिकाले रु.२४२०००००। अर्थात क्रमशः ६५.०८% र ३४.९२% व्यहोर्ने सम्झौतामा उल्लेख छ । सि.एम-जोशी-स्लेट जे.भी.संग रु.४९२३८०८६।४० मा मिति २०७९।११।३० भित्र काम सम्पन्न गर्ने गरी मिति २०७८।२।३१ मा भएको सम्झौता वमोजिम नेपाल सरकार र पालिकाले क्रमशः रु.३२०४४१४६।६० र रु.१७१९३९३९।८० व्यहोर्नुपर्ने देखिन्छ । निर्माण सामग्रीको उपलव्धता नभएको तथा ढुवानीमा समस्या भएको भनि यस योजनाको दोश्रो पटक मिति २०८१।९।२९ सम्म म्याद थप भएको छ । आर्थिक वर्ष २०७९।८० को अन्त सम्म नेपाल सरकार श्रोतबाट रु.१४४९२६००। र पालिकाबाट रु.१७००००००। गरी कुल रु.३१४९२६००। भुक्तानी भएको देखियो । हाल सम्मको भुक्तानीमा सम्झौता वमोजिम पालिकाले रु.१०९९७२१५।९० मात्र भुक्तानी दिनुपर्नेमा रु.६००२७८४।०८ थप भुक्तानी भएको तथा त्यतिनै नेपाल सरकारको कम भुक्तानी भएको छ । अन्तिम भुक्तानीमा सम्झौता भन्दा वढी नहुने गरी श्रोतको हिसाव मिलान गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **रितपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्वकको कर वीजक बेगर काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनीबाट मु.अ.कर रु.१८९३८२। समेत रु.१६४६१७४। निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयीले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु...

| भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी | ६०३५५७६३५ | बिजक नम्वर सच्याएको | ९७१९९३.६८ | १११८२२.२५ |
| काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी | ६०३५५७६३५ | बिजक नम्वर सच्याएको | ६७४१८०.६० | ७७५६०.६० |
| **जम्माः** | | | | **१८९३८२.८५** |
| | | | प्रमाण पेश नगरेको | १,८९,३८२ |

७८ **इटाको कामको भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । DUDBC को Norms No. ५(१), ५(२) अनुसार इटाको साईज २२४*१०८*५७ मि.मि. लाई आधार मानी प्रतिघन मिटर ५६० वटा इटा प्रयोग हुने व्यबस्था रहेकोमा इटाको साईज अनुसार इटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ । National Building Code को मापदण्ड (१५७३ घ.से.मी.) र स्थानीय बजारमा उपलब्ध इटा (१७१९ घ.से.मी.) को आधारमा टुट फुट हुने संख्या समेत जोडेर अधिकत ४३० वटा इटा लिदा प्रति घन मिटर Brick Masonary दर घटी हुने देखिन्छ । पालिकाले इटाको साईज अनुसार इटाको संख्या थप घट गर्नुपर्नेमा सो नगरेकोले बढी व्ययभार परेको अनियमित देखिएको रु...

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | काम | परिमाण | हुनुपर्ने दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४१२-२०८०।२।२५ | शिवालय मन्दिर व्यवस्थापन समिति | Brick Masonary १:४ | ८.५४ | १३७५४.६० | १६३६२.४० | २२२७०.६१ |
| ४९९-२०८०।३।१८ | पार्वती माता पाथीभरा देवी मन्दिर व्यवस्थापन समिति | Brick Masonary १:४ | १७.८६ | १३७५४.६० | १६३६२.४० | ४६५७५.३१ |
| १९-२०७९।११।२ | लक्ष्मी सेवा समाज सामुदायिक भवन निर्माण उपभोक्ता समिति | Brick Masonary १:४ | ५१.९४ | १३७५४.६० | १६३६२.४० | १३५४४९.१३ |
| प्रदेश सरकार | लेटाङ क्याम्पस उपभोक्ता समिति | Brick Masonary १:४ | १२.४९ | १३७५४.६० | १६३६२.४० | ३२५७१.४२ |
| | ज्ञान ज्योती प्रा वि मर्मत उपभोक्ता समिति | Brick Masonary १:४ | १६.४५ | १३७५४.६० | १८२००.८० | ७३१३९.९९ |
| **जम्माः** | | | | | | **३१०००६.४६** |
| | | | | | अनियमित भएको | ३,१०,००६ |

७९ **फस्योंट नभएका आन्तरिक लेखापरीक्षणका व्यहोराहरु**

७९.१ कार्यलयको विविध शिर्षकमा ठुलो रकम खर्च हुने गरेको देखिएकोले कार्यलयले विविध खर्चको भुत्तानी दिंदा विविध खर्चलाइ पुष्टि गर्ने यथेष्ट प्रमाण कार्यक्रम कार्यक्रमको माइन्युट उपस्थित संख्या हस्ताक्षर फोटो लगायतका प्रमाणित कागजातका आधारमा मात्र भुत्तानी दिनु पर्ने अधिकांश विविध खर्चको भुत्तानी उल्लेखित कागजात प्रमाण बेगर नै भुत्तानी हुने गरेको देखिएको । विविध खर्चमा हुने अनावश्यक खर्चले मितव्ययितालाइ कमजोर बनाउने देखिन्छ। निश्चित मापदण्ड बनाइ विविध शिर्षकमा हुने खर्चलाइ घटाउनु पर्ने देखिएको हुंदा यस तर्फ कार्यलयको ध्यान जानु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

७९.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (८) अनुसार कार्यालयले फर्स्यौट गरि सम्परीक्षण नगराएका निम्न व्यहोराहरु उपदफा ९ अनुसार यस प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा औंल्याए अनुसार आवस्यक कारवाहि गरि सो को प्रमाण पेश हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८० फर्स्यौट नभएका आन्तरिक लेखापरीक्षणका व्यहोराहरु

८०.१ कार्यलयले विभिन्न पार्टिको, सप्लयर्सको विल पेश गरी भुत्तानी दिंदा सोझै सम्बन्धित पार्टि वा सप्लायर्सलाइ भुत्तानी नदिइ शाखागत कर्मचारी तथा वडा सचिवको नाममा भुत्तानी हुने गरेको र कर्मचारीले सम्बन्धित पार्टिलाइ रकम बुझाएको प्रमाणित भर्पाइ संलग्न गर्ने नगरेकोले कार्यलयले सम्बन्धित पार्टिलाइनै भुत्तानी दिनु मनासिव देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.२ कार्यलयले सवारी साधन मर्मत वापत भनि लागत अनुमान नै तयार नगरी तथा सोझै खरिदको प्रकृया समेत पूरा नगरी कार्यालयको गाडी मर्मत भनी भुत्तानी दिने गरेको देखिएको यसरी लागत अनुमान तयार गरी तथा सोझै खरिदको प्रकृया पूरा गरी मात्र नियमसंगत ढंगवाट सर्वजनिक खरिद कारवाहि अगाडि बढाउनु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.३ भौ.नं ७९।२०७९।६।४ वाट कार्यलयले प्रकोप व्यवस्थापन कोष शिर्षकवाट पैनी मर्मत वापत तेलीखोला विभिन्न पैनी मर्मत उ स लाई अन्तिम प्राविधिक विल अनुरसार रु ५५५७५०। भुक्तानी हुनु पर्नेमा रु ५५६१०१। भएकोले बढी भुत्तानी भएको असुल गर्नु पर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५१ |

८१ **फस्यौंट नभएका आन्तरिक लेखापरीक्षणका व्यहोराहरु**

८१.१ भौनं १५५।२०७९।६।१३ वाट कार्यलयले विभिन्न शिर्षकमा वडा नं ६ को वडा सचिव रमेश खनाललाई भुक्तानी दिएको रकम रु १२८२१३। मध्ये ईन्धन वापत रु १०८८४। को विल पेश भएको तर इन्धन लगबुक नरहेको अनियमित खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | १०,८८४ |

८१.२ २३१- २०७९।७।२ वाटअन्य फिर्ता शिर्षकवाट प्रोत्साहन वापत सुरेन्द्र उरावलाई भुक्तानी दिएको रकम रु.३७५०।कर मा कर कट्टि नभई भुत्तानी भएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६३ |

८१.३ भौनं १७०।२०७९।६।१४ वाट कार्यलयले करार सेवा शुल्क शिर्षकवाट सुमित्रा मल्लिकलाई पि एच सि सरसफाई भनि ५२ दिन काम गरेवापत रु.३२०००। भुक्तानी दिएको तर वडा नं ३ को वडा कार्यसमितीको निर्णय अनुसार प्रतिदिन रु.४००। का दरले भुत्तानी दिनु भनी निर्णय भएको दिखिन्छ। यसरी भुत्तानी हुनुपर्ने रकम रु.२०८००। हुनेमा रु.१०८८०। वडा समितिको निर्णयभन्दा बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरि दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८८० |

८१.४ भौनं १५९।२०७९।६।१३ वाट कार्यलयले वातावरण तथा विपद् व्यवस्थापन कार्यक्रम शिर्षकवाट सडक मर्मत वापत लेटाङ वारंगी मोटर वाटो मर्मत उस लाई भुक्तानी दिएको रकम रु २५१८८०। तर रु २३९१३०। भुत्तानी हुनुपर्नेमा कार्यलयले रु २५१८८०। भुक्तानी दिएको बढी भुत्तानी भएको रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,७५० |

८१.५ भौनं ६६२।२०७९।१२।७ बाटकार्यलयले मेलमिलाप कर्ताको क्षमता अभिवृदि कार्यक्रम शिर्षकवाट मेलमिलाप सम्बन्धि कार्यक्रम संचालन वापत रु २५००००। पेश्कि फछ्र्यौट गरी शारदा देवि किराती राइ लाइ भुक्तानी दिएको रकम रु ३८१८३। मा उत्त क्षमता अभिवृदि कार्यक्रममा कार्यलयमै कार्यरत कानुनी सल्लाहाकार गणेश राज लुइटेलले ७ दिन प्रति दिन रु १००००। का दरले हुन आउने जम्मा रु ७०००० कर कटाएर रु ५९५००। प्रशिक्षण वापत भुत्तानी लिएको देखिन्छ । यसरी आन्तरिक प्रशिक्षकवाट प्रति दिन रु १०००० का दरले कुन स्विकृत नम्स अनुसार प्रशिक्षण भत्ता भुत्तानी भएको आधार पेश हुनु पर्ने अन्यथा आन्तरिक प्रशिक्षकलाइ प्रति शेसन रु १६००। का दरले हुन आउने जम्मा प्रति दिन ४ शेसनको रु ६४००। हुनु पर्नेमा बढि भुक्तानी भएको असुल गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४२० |

८१.६ भौनं ४३५।२०७९।९।१८ वाट कार्यलयले मेशिनरी तथा अजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकवाट कम्प्युटर सामाग्रि मर्मत वापत भनी आर के इन्फोटेकलाई लागत अनुमान तयार तथा स्वीकृत नगरि सोझै खरिदको गरी भुक्तानी दिएको रकम नियमसंगत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,४८,७९८ |

८१.७ भौनं २२७- २०७९।७।२ वाट कार्यलयले खेलकुद विकास कार्यक्रम शिर्षकवाट वडा नं ९ का वडा सचिव प्रेम कुमार विश्वकर्मालाई खेलकुद सामाग्रि तथा पाईप खरिद वापत भुक्तानी दिएको रकम रु.१६८१८।को खेलकुद सामाग्रि तथा पाईप खरिदको खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश नभएकोले उक्त रकम अनियमित खर्च देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,८१८ |

## ८२ फस्यौंट नभएका आन्तरिक लेखापरीक्षणका व्यहोराहरु

८२.१ कृषि चालु तर्फ भौनं १५।०७९।६।६ वाट पशु औषधि खरिद शिर्षकवाट पशु औषधि खरिद वापत भनी सुवेदी भेट्स फर्मालाई भुत्तानी दिएको रकम रु.२३७७५१। को खरिद आदेश र दाखिला गर्दा पाम्समा रेकर्ड नदेखिएको दाखिला र दाखिला प्रतिवेदनमा जिन्सि खाता पाना नं उल्लेख नभएको दखेखिएकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३७,७५० |

८२.२ भौनं ७३५।२०७९।१२।१९ वाट कार्यलयले कृषि कार्यक्रम शिर्षकवाट प्लास्टिक टनेल खरिद वापत भनी सर्वोत्तम ट्रडर्सको रु.१,००,००१।६१ को तारपोलिन १८ पिस खरिदको विल संलग्न गरी सर्वोत्तम ट्रेडर्सलाइ भुक्तानी दिएको रकम रु.१०००००। मा उत्त खरिद गरिएको खरिद आदेश, दाखिला रिपोर्ट र वितरण भरपाई सम्लग्न नदेखिएकोले अनियमित खर्च देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८२.३ भौनं १०२४।२०८०।३।३ वाट कार्यलयले सवारी साधन मर्मत खर्च शिर्षकवाट कार्यलयको सवारी साधन मर्मत गरेको भनि अशिष सर्भिसिङ सेन्टरलाइ भुक्तानी दिएको रकम रु २,६५,९००। को लागत अनुमान तयार नगरेको तथा ३ वटा फर्मको कोटेशन प्राप्त भएको तर कार्यालयले कोटेशन माग गरेको नदेखिएको प्राप्त कोटेशन कुन मितिमा प्राप्त भएको मिति उल्लेख नभएको तथा कार्यालयमा कोटेशन दर्ता नभएकोले नियम विपरित सोझै खरिद गरेको रु..

| | |
|---|---|
| अनियमित भएको | २,६५,९०० |

८२. २१२- २०७९।११।२८ वाट पुर्वाधार सडक मर्मत शिर्षकवाट ८ नं वडा कार्यालयको सिफारिसमा सडक
४ मर्मत वापत राजारानी निर्माण सेवा प्रालिको रु ४१,८१०.०० को विल पेश गरी वडा नं ८ को प्राविधिक असिस्टेन्ट सव इन्जिनियर किशोर कुमार ठाकुरलाइ भुक्तानी दिएको देखियो । उक्त रकम रकम मध्ये रु ३८,४२०.०० राजारानी निर्माण सेवा प्रालिले बुझेको प्रमाण पेश हुनु पर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,४२० |

८२. नपा पूँजीगत तर्फ भौनं ९१।२०७९।८।७ वाट कार्यलयले अन्य सार्वजनिक निर्माण शिर्षकवाट खानेपानि
५ पाईप जडान वापत भनी वडा नं २ को सिफरिसमा आधारभुत स्वास्थ्य केन्द्र प्रमुख अ हे व सुन माया राई लाई भुत्तानी दिएको रकम रु.२९५५१। को डोरहाजिरी फारममा रकम बुझिलिनेको दस्तखत नरहेकोले कामदारले रकम बुझेको प्रमाण पेश गर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,५५१ |

८२. कृषि तर्फ भौनं १२२- २०७९।३।२४ वाट आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण शिर्षकवाट औषधि
६ खरिद वापत भनि पुर्वान्चल भेट फर्मालाइ खरिद आदेश दाखिला प्रतिवेदन विना नै भुत्तानी दिएकोले नियम सम्मत खर्च नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ३१,५२० |

८२. भौनं ९३४- २०८०।२।१६ वाट हुलाक सेवा व्यवस्थापन शिर्षकवाट जांते अतिरिक्त हुलाकलाइ भुक्तानी
७ दिएको रकम रु.५०,०००। मध्ये रु.४००००। को खाना खाजा चिया को विल पेश भइ भुक्तानी भएको देखिन्छ। उत्त विविध खर्च वापत भुत्तानी दिनु भनी वडा समितिको निर्णय भएको नदेखिएको तथा कुन कार्यक्रममा के प्रयोजनमा उत्त विविध खर्च भएको कार्यक्रमको माइन्युट सहभागीता विवरण नदेखिएकोले यस्तो खर्च नियमित नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

८२. भोनं ६६६- २०७९।१२।७ वाट कार्यलयले पशुपालन तथा कृषि तालिम साना किसान कृषि सहकारी
८ संस्थासंग साझेदारी शिर्षकवाट कृषि तथा पशुपालन कार्यक्रमको रकम भनी साना किसान कृषि सहकारी संस्था लि लाइ भुक्तानी दिएको रकम रु ५०,०००।मा तालिम संचालनको फोटो नरहेको तालिम कार्यक्रम संचालन सम्बन्धमा कुनै सुचना जारी नभएको तथा साना किसान कृषि सहकारी संस्था लि लेटाङको कार्ययोजनामा २ जना पशु चिकित्सक बाट तालिम दिने र संस्थावाट २ जना प्रशिक्षकवाट सहकारी पशुबिमा र कृतिम गर्भधान बारे जानकारी गराउने भनिएकोमा कार्यालयमा कार्यरत डा सम्भव घिमिरे बाट मात्र प्रशिक्षण गराएको भनी प्रशिक्षण भत्ता प्रदान गरेको देखिएको तर कार्ययोजना स्विकृत नभएको अनियमित खर्च रु..

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

८२. कृषि तर्फ भौनं ५७।२०७९।११।२ वाट बंगुरको ६० दिने विर पाठा शिर्षकवाट बंगुरको पाठा खरिद
९ वापत रुविन्सा कृषि फार्मलाइ भुत्तानी दिएको रकम रु १,५०,०००। को लागत अनुमान तथा खरिद आदेश तथा दाखिला प्रतिवेदन विना नै भुक्तानी गरेको अनियमित खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

८२. कृषि भौनं १०।२०७९।६।१२ वाट अन्य शिक्षा कार्यक्रम शिर्षकवाट विभिन्न सामाग्रि छपाई वापत भनि
१० खरिद आदेश दाखिला प्रमाणीत वेगर हिउंचुली अफसेट प्रेसलाई भुत्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,५८९ |

८२. २७१- २०७९।१२।१९ वाट कार्यलयले पुर्वाधार सडक मर्मत शिर्षकवाट सडक मर्मत वापत भीभो
११ कन्स्ट्रक्सन प्रालि लाइ भुत्तानी दिएको रकम रु ९९,९२५.०० मा प्राविधिक विल अनुसार रु ९,६९८४.१५ को मात्र काम भएको देखिएकोले बढि भुत्तानी भएको रकम असुल गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९९५ |

८२. ५७३- २०८०।३।२४ वाट कार्यलयले कोल्ड स्टोरेज भवन निर्माण खर्च शिर्षकवाट इन्भर्टर ब्याट्रि खरिद
१२ वापत भनि सि पि एन इन्फोसिस प्रालि लाइ रु ६,२४,९५५.०० भुत्तानी दिएको मा लागत अनुमान तयार नगरेको, खरिद आदेश, गुणस्तर परीक्षण तथा दाखिला गर्दा पार्मसको प्रयोग नभएकोले यस्तो खरिद नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,२४,९५५ |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९८०

कार्यालय र स्थान : लेटाङ नगरपालिका, मोरङ , लेटाङ नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण न्यौपाने | २०८०-१-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पुरुषोत्तम घिमिरे | २०७९-४-१ | २०८०-१-२४ |
| लेखा प्रमुख | डिक बहादुर सोडारी | २०७९-५-११ | २०८०-७-३० |
| लेखा प्रमुख | पोष राज आचार्य | २०८०-८-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुशिल वास्तोला | २०७७-४-१ | २०७९-५-३१ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३४८,२९२ | १२,३४३,५७५ | १६,०७२,३९० | ० | १,५३५,९०१ | २,५८९,८०९ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ३४,८८९,९६७ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | १,३३४,१४२ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ३३,५५५,८२५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०९७९०५१२.७८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६६२९३७२३.३२ | चालु खर्च | ३७८९९७१३४.९४ |
| प्रदेश सरकारबाट अनुदान | १९९९६०१७ | पूँजीगत खर्च | २४४३९९३४७ |
| राजश्व बाँडफाँट | १४७६८०६३२.५८ | वित्तीय/अन्य व्यवस्था | १९४१६८५३८.४८ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ४८८४५११०.३७ | | |
| **अन्य आय** | १९०७१०३५९.१३ | | |
| **कुल आय** | ७७३५२५८४२.४ | **कुल खर्च** | ८१७५६५०२०.४२ |
| **बाँकी मौज्दात** | | ६५७५१३३४.७६ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८४,१३,५१,०७४.०० | ५९,७१,९३,४८१.४० | | ५९,७१,९३,४८१.४० | ६९,९३,७०,८२८.७६ | | ६९,९३,७०,८२८.७६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८३,७१,९५,५८०.०० | ५८,२८,१५,४८३.२७ | ० | ५८,२८,१५,४८३.२७ | ६८,०४,८६,९१२.१४ | ० | ६८,०४,८६,९१२.१४ |
| ११००० कर | ११ | १५,६०,८३,४८०.०० | १०,९७,३८,१४७.१७ | ० | १०,९७,३८,१४७.१७ | १३,२१,२८,९१६.६४ | ० | १३,२१,२८,९१६.६४ |
| १३००० अनुदान | | ४२,७५,०७,६००.०० | ३९,०५,६०,८६१.३२ | ० | ३९,०५,६०,८६१.३२ | ४४,३०,५३,७६२.०० | ० | ४४,३०,५३,७६२.०० |
| संघीय सरकार | १२ | ३९,८१,१३,६००.०० | ३६,६२,९३,७२३.३२ | ० | ३६,६२,९३,७२३.३२ | ३८,९९,२०,०००.०० | ० | ३८,९९,२०,०००.०० |
| प्रदेश सरकार | १२ | २,२३,९४,०००.०० | १,९९,९६,०१७.०० | ० | १,९९,९६,०१७.०० | ३,५८,०३,०००.०० | ० | ३,५८,०३,०००.०० |
| जनसहभागिता | | ७०,००,०००.०० | ४२,७१,१२१.०० | ० | ४२,७१,१२१.०० | १,७३,३०,७६२.०० | ० | १,७३,३०,७६२.०० |
| १४००० अन्य राजस्व | | १५,५१,०४,५००.०० | ८,११,१०,८९९.७८ | ० | ८,११,१०,८९९.७८ | १०,२५,८३,०३३.५० | ० | १०,२५,८३,०३३.५० |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | १४,०५,५७५.०० | ० | १४,०५,५७५.०० | २७,२१,२००.०० | ० | २७,२१,२००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ९,८०,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४१,५५,४९४.०० | १,४३,७७,९९८.१३ | | १,४३,७७,९९८.१३ | १,८८,८३,९१६.६२ | | १,८८,८३,९१६.६२ |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४१,५५,४९४.०० | ३५,४७,६०४.८८ | ० | ३५,४७,६०४.८८ | १,०६,९२,७७६.६२ | ० | १,०६,९२,७७६.६२ |
| धरौटी | | ० | १,०८,३०,३९३.२५ | ० | १,०८,३०,३९३.२५ | ८१,९१,१४०.०० | ० | ८१,९१,१४०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८४,१३,५१,०७४.०० | ६४,१२,३२,६५९.४२ | | ६४,१२,३२,६५९.४२ | ७०,६२,६१,२१६.२३ | | ७०,६२,६१,२१६.२३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८३,७१,९५,५८०.०० | ६२,८२,२९,४८१.९४ | | ६२,८२,२९,४८१.९४ | ६९,८५,५१,७४३.९३ | | ६९,८५,५१,७४३.९३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८,३३,२०,०००.०० | १७,४०,४१,७९६.६१ | ० | १७,४०,४१,७९६.६१ | १७,५०,०६,१९७.५३ | ० | १७,५०,०६,१९७.५३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३,६८,६४,३१८.०० | १७,४७,७४,५६१.०० | ० | १७,४७,७४,५६१.०० | १४,१५,५१,५००.०० | ० | १४,१५,५१,५००.०० |
| २५००० सहायता (Subsidy) | १८ | १,६८,३६,०००.०० | १,०२,५९,०२६.३३ | ० | १,०२,५९,०२६.३३ | १,५२,१०,९०३.४० | ० | १,५२,१०,९०३.४० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५४,०४,९९८.०० | ४०,२९,७२६.०० | ० | ४०,२९,७२६.०० | ६३,४४,३७१.०० | ० | ६३,४४,३७१.०० |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| २८००० अन्य खर्च | १८ | १,८९,१७,०१६.०० | १,६६,९७,०२५.०० | ० | १,६६,९७,०२५.०० | ६०,०३,२२६.०० | ० | ६०,०३,२२६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७,५८,५३,२४८.०० | २४,८४,२७,३४७.०० | ० | २४,८४,२७,३४७.०० | ३५,४४,३५,५४६.०० | ० | ३५,४४,३५,५४६.०० |
| घ. अन्य भूक्तानी | | ४१,५५,४९४.०० | १,३०,०३,१७७.४८ | | १,३०,०३,१७७.४८ | ७०,६२,६१,२१६.२३ | | ७०,६२,६१,२१६.२३ |
| कोषहरु | | ४१,५५,४९४.०० | २१,००,०००.०० | ० | २१,००,०००.०० | ५९,७९,९१८.३० | ० | ५९,७९,९१८.३० |
| धरौटी | | ० | १,०९,५५,९६६.४८ | ० | १,०९,५५,९६६.४८ | १७,२९,५५४.०० | ० | १७,२९,५५४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -५२,७८९.०० | | -५२,७८९.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४,४०,३९,१७८.०२) | | (४,४०,३९,१७८.०२) | (६८,९०,३८७.४७) | | (६८,९०,३८७.४७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,९७,९०,५१२.७८ | | १०,९७,९०,५१२.७८ | १६,७९,९२,४४०.७८ | | १६,७९,९२,४४०.७८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६,५७,५१,३३४.७६ | | ६,५७,५१,३३४.७६ | १६,११,०२,०५३.३१ | | १६,११,०२,०५३.३१ |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| बैंक तथा नगद बाकी | २४ | | ६,५७,५१,३३४.७६ | | ६,५७,५१,३३४.७६ | ११,१८,७४,३३८.१० | | ११,१८,७४,३३८.१० |
| | | | | | | | | |

## बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -४

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २२१४ | २५०३०२२३ | २१९० | २४८४५०६२ | २२३६ | २६५८६०४५ | २२२५ | २६४७८१७२ | २२६२ | २६८३६४५५ | २२५७ | २६७९७७३३ | २३२० | २७५३०६२५ | १९५७ | २३२४९००६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १४४ | ११०९२२० | १४२ | १०९८५८० | १४४ | ११३३२४९ | १४४ | ११३०५८९ | १४८ | ११४३५२५ | १४७ | ११४११४० | १५० | ११५९४१७ | १३० | १००५१३७ |
| जेष्ठ नागरिक एकल महिला | ३०९ | २४४४५४० | ३०७ | २४३३९०० | ३१८ | २५११०६१ | ३१६ | २५०१०४२ | ३२८ | २५९२२५९ | ३२८ | २५९२२५९ | ३२६ | २५८८१८० | २८१ | २२३४४०० |
| विधवा | ५२७ | ४१२०३४० | ५२१ | ४०८०४४० | ५३४ | ४२०८१२० | ५३४ | ४२०८१२० | ५३८ | ४२३०७७६ | ५३८ | ४२३०७७६ | ५४३ | ४२८८१६९ | ४४४ | ३५००८०९ |
| पूर्ण अपाङ्गता भत्ता | १३७ | १६३१९१० | १३६ | १६२७९२० | १३८ | १६४८१३६ | १३८ | १६४८१३६ | १४० | १६६७८२० | १३९ | १६५५८५० | १३९ | १६५५७२१ | १११ | १३२०५६१ |

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अति अशक्त अपाङ्गता भत्ता | १८४ | ११६८२७२ | १८३ | ११६१८८८ | १९० | १२१२९६० | १९० | १२१२९६० | १९६ | १२४४८८० | १९६ | १२४४८८० | २१२ | १३२९८६३ | १७३ | १०८९५३६ |
| दलित बालबालिका | १९९ | ३०१६७९ | १८९ | २९११०८ | २११ | ३२०८९९ | २०६ | ३१७०६५ | २३१ | ३४४४५६ | २३१ | ३४४४५६ | २३५ | ३५९५८२ | २०५ | ३१३८९६ |
| जम्मा | ३७१४ | ३५८०६१८४ | ३६६८ | ३५५३८८९८ | ३७७१ | ३७६२०४७० | ३७५३ | ३७४९६०८४ | ३८४३ | ३८०६०१७१ | ३८३६ | ३८००७०९४ | ३९२५ | ३८९११५५७ | ३३०१ | ३२७१३३४५ |

## बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क स | सामानको नाम | वितरण संख्या | खरिद परिणाम | | | वितरण परिणाम | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य |
| १ | जस्तापाता | ६७ घरधुरी | वण्डल | १७७ | २४७०१२७ | १४५ | २०२३५५० | ३२ | ४४६५७७ |
| २ | ह्युमपाइप | १८ जना | थान | २५८ | १७९६१९२ | २५८ | १७९६१९२ | ० | ० |
| ३ | तारजाली | १७जना | थान | १०५३ | ३९८८८४३ | ७०२ | २६५९२२९ | ३५१ | १३२९६१४ |
| ४ | खानेपानी पाइप | २३जना | मिटर | १४६०० | ९९४१७४ | १४६०० | ९९४१७४ | ० | ० |
| | जम्मा | | | | | | ७४,७३,१४५ | | |

## बेरूजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -६

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अवधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १७-२०७८।७९ | डाँडागाउ सडक कालोपत्रे वारजी कन्स्ट्रक्सन | २०७९।३।१२ | ८६८९३८९.९५ | २०७९।९।२९ | ६४४६५९९.७० | २०८०।५।३० | १२१.८९ |
| ६- २०७८।७९ | कोल्ड स्टोरेज भवन निर्माण सयपत्री मल्टी पर्पोज कम्पनी प्रा लि | २०७८।१२।१७ | ९९७४१६०.१५ | २०७९।३।१५ | ५१२८०१८.२३ | २०८०।६।३० | ११६.६७ |